# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ८६ | काठमाडौं | शुक्रबार, ०२ साउन २०८२ | Prabhab National Daily | Friday, July 18, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं**

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं,


नेपाल सरकार
विज्ञापन बोर्ड


### नेकपा बिर्साउने राप्रपाको संकट

# चल्यो आरोपप्रत्यारोप

- सुवेदी, लावती, जबरा र शाहीमाथिको कारबाही विधानविपरीत भएको राप्रपाको इतरपक्षको तर्क
- महाधिवेशनअघि लिङ्देन इतरपक्षलाई कमजोर बनाउने सुरमा





■ जेबी योञ्जन

**काठमाडौं–** पार्टी महाधिवेशनको सम्मुखमा संस्थापन र इतरपक्षबीच सिर्जित विवादले राप्रपामा गहिरो संकट निम्तिएको छ । दुई पक्षबीचको विवाद झन्झन् चुलिँदो छ ।

विगतमा नेकपामा केपी शर्मा ओली- पुष्पकमल दाहाल पक्षबीच जसरी नै राप्रपामा अध्यक्ष राजेन्द्र लिङ्देन र महामन्त्री डा. धवलशम्शेर जबरापक्षबीच आरोपप्रत्यारोपको 'फायर' चलिरहेको छ ।

अध्यक्ष लिङ्देनले हालै पार्टी अनुशासन आयोग अध्यक्षबाट वरिष्ठ नेता नवराज सुवेदी र प्रवक्ताबाट सगुनसुन्दर लावतीलाई कारण उल्लेख नगरी हटाएपछि विवाद चुलिएको हो । त्यसअघि लिङ्देनले महामन्त्री जबरालाई संगठन विभाग प्रमुखबाट हटाएका थिए, जतिबेला उनी क्यान्सरको उपचारका लागि भारतको टाटा मेमोरियल अस्पतालमा थिए । केन्द्रीय सदस्य धनसुर शाहीलाई संगठन विभाग सदस्य सचिवबाट हटाएका थिए ।

यसरी पार्टी महाधिवेशनको सम्मुखमा एकपछि अर्को नेतामाथि गरेको कारबाहीप्रति असन्तुष्टि जनाउँदै इतरपक्षीय चार नेताले लिङ्देनले विधान उल्लंघन गरेर स्वेच्छाचारी क्रियाकलाप गरेको आरोप लगाएको छ ।

महामन्त्री जबरासँगै वरिष्ठ उपाध्यक्ष विक्रम पाण्डे, उपाध्यक्ष मुकुन्दश्याम गिरी र अर्का महामन्त्री कुन्ती शाहीले अध्यक्ष लिङ्देनका कारणले पार्टीमा अपूरणीय क्षति पुगेको ठहरसमेत गरेका छन् ।

'विधानको व्यवस्था अनुरूपको विधि, संख्या र सीमा नाघेर एक्लौटी रूपमा पार्टी पदाधिकारी, केन्द्रीय सदस्य थप्ने र हटाउने कार्य यसअघि पनि पटक-पटक हुँदै आएको छ, 'इतरपक्षीय चार नेताले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'विधानको अक्षरशः पालना हामी सबैको प्रमुख कर्तब्य भए पनि जिम्मेवार तहबाटै विधानको उपेक्षा र उल्लंघन हुनु, स्वेच्छाचारिता सतहमा आउनु दुःखद् घटनाक्रम हो ।' पूर्वअध्यक्ष डा. प्रकाशचन्द्र लोहनीको घरमा भएको बैठकमा नवराज सुवेदीलाई अध्यक्ष लिङ्देनले पूर्ववत् जिम्मेवारीमै रहेको बताएको इतरपक्षको दाबी छ ।

उक्त बैठकमा लिङ्देन, लोहनी, पूर्वअध्यक्ष पशुपतिशम्सेर जबरा, नवराज सुवेदी र नेता हरिबहादुर बस्नेतको उपस्थिति भएको बेला अध्यक्ष लिङ्देनले उक्त अभिव्यक्ति दिएको विज्ञप्तिमा छ । सुवेदीलाई अध्यक्ष लिङ्देनले भनिएको बारे भनिएको छ, 'दाइ ! पार्टीमा पूर्ववत् रूपमा प्राप्त जिम्मेवारी पूरा गर्न सशक्त भएर अघि बढ्नुहोस् ।'

तर, सुवेदीसहितका नेतालाई कारबाही गरेर लिङ्देन अघि बढ्दा आमरूपमा गलत सन्देश गएको पनि इतरपक्षको विश्लेषण छ । लिङ्देनले भने इतरपक्षविरुद्ध अझ कडा रूपमा प्रस्तुत हुने संकेत गरेका छन् । उनले पार्टी र आफूविरुद्ध गतिविधि र अभिव्यक्ति दिनेहरूलाई कारबाही गरेर ठेगान लगाउने सोच बनाएको देखिएको छ । उनले भन्दै आएका छन्, 'भोलि पनि त्यस्तो अवस्था आयो भने पदाधिकारीहरूमा हेरफेर हुन सक्छ । मैले मनोनीत गर्ने पदहरूमा हेरफेर हुन सक्छ । मैले मनोनीत गरेको मान्छेले राम्रो काम गरेन भने...।'

लिङ्देनले सुवेदीलाई अनुशासन आयोगको अध्यक्षबाट हटाउँदा ४ चैतमा सुवेदीले नै दिएको अभिव्यक्तिलाई आधार मानेको देखिएको छ । त्यस दिन सुवेदीले राजसंस्था पुनःस्थापनाको आन्दोलनलाई उठाउन आफू दलीय घेराबाट बाहिरिएको बताएका थिए । त्यो भनेको उनले राप्रपा छाडेको भनेका हुन्, जतिबेला राष्ट्रिय शक्ति पार्टीका अध्यक्ष केशरबहादुर विष्टले दलभन्दा बाहिरको नेताले संयोजन गरे मात्रै संयुक्त जनआन्दोलन समितिमा रहन सकिने बताएका थिए । राप्रपामा नरहेका तर राजसंस्थापक्षधर अन्य अभियान र समूहले पनि दलभन्दा पनि स्वतन्त्र नेताबाट भएको आन्दोलनलाई समर्थन रहने जनाएका थिए ।

क्रमशः पृष्ठ २ मा

# सरकारप्रति पोखियो कांग्रेसकै असन्तुष्टि



शुरूमा गति समातेको थियो । अहिले यो सरकार बरालिएको छ । 'अहिले दिन गनेरमात्र बसेको छ । आज आइतबार गयो, सोमबार गयो, मंगलबार आयो । एकजनाले बोलेपछि ढल्दैन ढल्दैन भनेर बसेको छ प्रधानमन्त्री

■ **गगन थापा**
महामन्त्री, नेपाली कांग्रेस



सरकारको कामकारबाही लोकतन्त्र र संघीयताको मर्म विपरित बढ्दै गएको छ । यसको विकल्प सोच्नुपर्ने बेला आएको छ

■ **डा शेखर कोइराला**
नेता, नेपाली कांग्रेस

■ प्रभाव संवाददाता

**काठमाडौं–** केपी शर्मा ओली नेतृत्वको सरकार दिनानुदिन विवादित बन्दै गएसँगै नेपाली कांग्रेसका नेताहरूले असन्तुष्टि पोख्न थालेका छन् । गत असार मसान्तमा नेपाली कांग्रेस र नेकपा एमालेको मिलीजुली बनेको सरकारमाथि कांग्रेस नेताहरूले सार्वजनिक रूपमै असन्तुष्टि पोख्न थालेका हुन् ।

ओली नेतृत्वको सरकारका मन्त्रीहरू धमाधम 'घुस डिल' देखि भिजिट भिसामा रकम असुली प्रकरणमा मुछिएका छन् । ७८ लाख घुस डिल प्रकरणमा राजकुमार गुप्ता राजीनामा दिएर उन्मुक्ति पाएका छन् । उनीमाथि अख्तियारले कुनै कारबाही वा अनुसन्धान अघि बढाउने छाँट देखिन्न ।

यस्तै कारण अहिले सरकार बरालिएको कांग्रेस महामन्त्री गगन थापाले टिप्पणी गरे । 'शुरुमा गति समातेको थियो । अहिले यो सरकार बरालिएको छ,' ललितपुरस्थित कांग्रेसको केन्द्रीय कार्यालयमा आयोजित एक कार्यक्रममा बिहीबार महामन्त्री थापाले भने ।

यसअघि गत असार १६ देखि २३ गतेसम्म चलेको केन्द्रीय समितिमा पनि कांग्रेसले सरकारको कामबारे समीक्षा गरेको थियो । कांग्रेस केन्द्रीय समितिले विकास, सुशासन र समुन्नतिको लागि प्रभावकारिता बढाउन सरकारसँग आग्रह गरेको थियो । 'नेपालको तत्कालिन राजनीतिक विशेष परिस्थितिमा सरकार गठन सम्बन्धमा भएको नेपाली कांग्रेस र नेकपा (एमाले) बीचको ७ बुँदे सहमतिप्रति प्रतिवद्ध रहँदै सरकारको स्थायित्वका लागि जनभावना अनुसार वर्तमान सरकारले विकास, सुशासन एवं समुन्नतिका लागि थप प्रभावकारिताका साथ काम गर्नु पर्ने कुरामा यो बैठक सरकारको गम्भीर ध्यानाकर्षण गर्दछ,' केन्द्रीय समितिको निर्णयमा भनिएको छ ।

यद्यपि सरकार भने हरेक दिन विवादमा मुछिएको छ । सरकार सञ्चालनका लागि गठन भएको उच्चस्तरीय राजनीतिक संयन्त्रका सदस्यसमेत रहेका थापाले अहिले सरकार काम नगरी दिनमात्र गनेर बसेको आरोप लगाए । 'अहिले दिन गनेरमात्र बसेको छ । आज आइतबार गयो, सोमबार गयो, मंगलबार आयो । एकजनाले बोलेपछि ढल्दैन ढल्दैन भनेर,' थापाले भने, 'प्रधानमन्त्रीज्यूले बेलाबेला एक वर्ष म हुन्छु । अनि कांग्रेसलाई हस्तान्तरण गर्छु भनेको सुन्छु । अब हिसाबकिताबको कुरा नगरौं । सरकार भनेको दिन गनेर बस्ने हो र ? अनि हामी औंला भाँचेर बस्ने ?'

बिहीबारमात्र सरकार प्रमुख प्रतिपक्षी दलका नेता पुष्पकमल दाहालले देश जटिल मोडमा पुगिसकेको बताएका थिए । 'देश अहिले संविधानको दृष्टिकोणले, गणतन्त्रको दृष्टिकोणले, सुशासन, सामाजिक न्याय र समृद्धिको दृष्टिकोणले निकै नै जटिल मोडमा छ । अहिलेको सरकार जहाँ टेक्छ, त्यहीं भ्रष्टाचारबाहेक केही पनि छैन,' ललितपुरमा आयोजित एक कार्यक्रममा दाहालले भने । लगत्तै कांग्रेस संस्थापनइतरका नेता डा शेखर कोइराला दाहाल भेट्न खुमलटार पुगेका थिए । खुमलटारमा दिउँसो ३ बजे दुई नेताबीच एक घण्टा कुराकानी भएको दाहालको सचिवालयले जनायो ।

क्रमशः पृष्ठ २ मा

## भूमि व्यवस्थामन्त्री अधिकारीले राजीनामा नदिने



भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले आफू निर्दोष रहेकोले राजीनामा नदिने बताएका छन् । पोखरास्थित विवादित जग्गा प्रकरणसम्बन्धी 'अडियो रेकर्ड' बारे आफ्नो धारणा राख्दै अधिकारीले आफू यो घटनामा संलग्न नरहेको बताएका हुन् ।

बिहीबार वार्षिक उपलब्धिसम्बन्धी जानकारी दिने उद्देश्यले मन्त्रालयमा पत्रकार सम्मेलन गर्दै अधिकारीले केही दिनदेखि आफ्नो र परिवारका सदस्यकोसमेत नाम जोडी सुनियोजित ढंगबाट 'अडियो रेकर्ड' सार्वजनिक गरेको उनको दाबी रह्यो । अडियोमा आफ्नो आवाज नरहेको र आवाज पुष्टि भएमा जस्तोसुकै सजाय भोग्न तयार रहेको अधिकारीले बताए । 'यहाँहरूले अडियो सुन्नुभएको छ । मेरो आवाज, मैले त्यहाँ मागेको कुरा, मैले यो गर्दिन्छु भन्ने तपाईंहरूले फेला पार्नुभयो भने जस्तोसुकै सजाय पनि भोग्न तयार छु,' उनले भने ।

कास्कीका मालपोत अधिकृत रामचन्द्र अधिकारी सरुवा प्रकरणमा घुस डिल भएको आरोपमा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले राजीनामा दिइसकेका छन् । रामचन्द्रको सरुवा रोक्न सुजन लामा नामको बिचौलिया आफूलाई भेट्न आएको स्विकार्दै अधिकारी उक्त काम आफूले अस्विकार गरेको बताए । 'कुनै आफ्नो योजना पूरा गर्न खोजेका व्यक्तिले आफ्नो अभिष्ट पूरा गर्न मालपोत अधिकृतलाई फिर्ता गराउन आएका थिए । मैले हुन्नँ भनें । त्यसपछि यी कुराहरू बाहिर आए,' उनले भनेका छन् ।

**सन्दर्भः वैदेशिक रोजगार**

# यूएईको नेपाली दूतावासले मागपत्र प्रमाणीकरणमा मनपरी गर्‍यो : मञ्च


■ ममता थापा

**काठमाडौं–** संयुक्त अरब इमिरेट्स (यूएई)स्थित नेपाली दूतावासले मागपत्र प्रमाणीकरणमा ढिलासुस्ती र लापरवाही गरेको व्यवसायीहरूले आरोप लगाएका छन् । प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालले बिहीबार विज्ञप्ति जारी गर्दै दूतावासको श्रम शाखाले व्यवसायप्रति अन्यायपूर्ण व्यवहार गरेको जनाएको हो ।

मञ्चका महासचिव मिलन कट्टेलले जारी गरेको उक्त विज्ञप्तीमा श्रम स्वीकृतिसँग सम्बन्धित प्रक्रियामा ढिलाई हुँदा सम्पूर्ण व्यवसायीमाथि नै गम्भीर असर पुगेको दाबी गरिएको छ । 'हाल यूएईस्थित नेपाली दूतावासको श्रम शाखामा एप्रुभल प्रक्रियामा देखिएको ढिलासुस्ती, भेदभावपूर्ण व्यवहार र गैरजिम्मेवार मनोवृत्तिले सम्पूर्ण वैदेशिक रोजगार व्यवसायी समुदाय गम्भीर निराशामा परेको छ', विज्ञप्तीमा भनिएको छ ।

एउटै कागजात र एउटै प्रक्रियाबाट गरिने काममा कुनै म्यानपावरको प्रमाणीकरण २-४ दिनमै हुने तर कुनैको महिनादिन अड्किने भन्दै मञ्चले दूतावासको व्यवहारप्रति ध्यानाकर्षण भएको जनाएको छ ।

- मञ्चको प्रश्न- यो दूतावास हो कि दलाल केन्द्र ? दूतावासले काम गर्ने प्रक्रिया कतै गिरोहको कब्जामा त पुगेको हैन ?
- दूतावासले काम नगरी अनावश्यक झमेलाको खेती गरेको र यो सामान्य प्रशासनिक कमजोरीमात्र नभई संगठित शोषण भएको मञ्चको ठहर
- पछिल्लो समय श्रम र परराष्ट्रबाट नयाँ टिम गएपछि ढिलासुस्ती हुन थालेको बताइएको छ



'दूतावासले काम गर्ने प्रक्रिया कतै गिरोहको कब्जामा त पुगेको हैन ?' विज्ञप्तिमा भनिएको छ ।

दूतावासका कर्मचारीले मागपत्र प्रमाणीकरण ढिलो गरिदिएर काम अर्को म्यनपावरतर्फ 'डाइभर्ट' होस् भन्ने चाहना हुनसक्ने महासचिव कट्टेलले आशंका गरेका छन् । 'हामीले डिमान्ड हाल्दा दूतावासले हाम्रो कम्पनीको सम्पूर्ण विवरण हेर्न मिल्छ । त्यसकारण हाम्रो प्रमाणीकरण ढिलो गरिदिएपछि त अर्को म्यानवापरलाई दिन मिल्यो । यो खेल हुनसक्छ,' उनले भने । दूतावासले पछिल्लो समय देखाएको यस्तो व्यवहारबाट व्यवायीहरू पेशा नै छाड्ने मुडमा पुगिसकेको उनले बताए ।

कानुनी प्रक्रियाभित्र रही समयमै सेवा पाउने आम व्यवसायीको हकमाथि दूतावासले खेलवाड गरेर अपराध गरेको मञ्चको आरोप छ । 'यो दूतावास हो कि दलाल केन्द्र ?' विज्ञप्तीमार्फत प्रश्न गरिएको छ । दूतावाखसले काम नगरी अनावश्यक झमेलाको खेती गरेको व्यवसायीको आरोप छ । यो सामान्य प्रशासनिक कमजोरीमात्र नभई संगठित शोषण भएको मञ्चको ठहर छ ।

विगतको यस्तो समस्या आइनपरेको तर पछिल्लो समय श्रम र परराष्ट्रबाट नयाँ टिम गएपछि यस्तो हुन थालेको बताइएको छ । दूतावासले कसको काम छिटो गर्छ, कस्तो काम ढिलो गर्छ भन्ने विषयमा भने कुनै जानकारी नभएको व्यवसायीको भनाइ छ ।

क्रमशः पृष्ठ २ मा




जनहितमा जारी सन्देश

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# तीन महिनाको विपद्
# ९३ जनाको मृत्यु, २२ बेपत्ता

**काठमाडौं–** गत वैशाखदेखि असारसम्मको तीन महिनामा दुई हजार ६५ वटा विपद्जन्य घटना भएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार यो वर्षको तीन महिनामा ती विपद्जन्य घटनामा परेर ९३ जनाको मृत्यु भएको छ भने २२ जना बेपत्ता भएका छन् ।

प्राधिकरणका प्रवक्ता एवं उपसचिव सुरेश सुनारका अनुसार ती घटनामा परेर आजसम्म चार सय ४५ जना घाइते भएका छन् । उनले ती घटनामा परेर चार हजार १३६ परिवार प्रभावित भएका जानकारी दिए । प्राधिकरणले बिहीबार सार्वजनिक गरेको विसं २०८२ को पछिल्लो तीन महिनाको विवरणअनुसार बाढीका मात्रै एक सय ३७ घटना भएकामा ती घटनाबाट १३ जनाको मृत्यु र २२ जना बेपत्ता भएका छन् ।

केही दिनअघि गत असार २४ गते रसुवा भोटेकोशीमा आएको बाढीले सबैभन्दा बढी मानवीय क्षति गराएको थियो । माथिल्लो क्षेत्रमा भएको हिमताल विष्फोटबाट उक्त घटना भएको थियो ।

यस्तै पहिरोका एक सय ७५ घटनामा छ जनाको मृत्यु भएको छ । चट्याङ्बाट २६, आगलागीबाट १४, जनावरको आक्रमणबाट १२ र लेक लागेर ११ जनाको मृत्यु भएको प्रवक्ता सुनारले जानकारी दिनुभयो । अन्य हावाहुरी, सर्पदंश, भारी वर्षाबाट पनि मानवीय क्षति भएको प्राधिकरणले जनाएको छ । बाढीबाट मात्रै एक हजार २४६ तथा आगलागीबाट एक हजार ४८ परिवार प्रभावित भएका छन् । पहिरो, चट्याङ, भारी वर्षा, सर्पदंश, हावाहुरी, वन डढेलो, सर्पदंशलगायत घटनाबाट सयौं परिवार प्रभावित भएका जनाइएको छ । *रासस*

# फेवातालको सीमामा गाडियो १०५५ पोल

**कास्की (प्रस)–** पोखरास्थित प्रमुख पर्यटकीय गन्तव्य फेवातालको सीमांकनपछि सुरु भएको पोल गाड्ने काम सम्पन्न भएको छ । सर्वोच्च अदालतको आदेश कार्यान्वयनका लागि पोखरा महानगरपालिका, गण्डकी प्रदेश र नेपाल सरकारको संयुक्त पहलमा गत जेठ १७ गतेदेखि तालको किनारमा सीमास्तम्भ गाड्न सुरु गरिएको थियो ।

फेवाको तालघरमा एक हजार ५५ वटा पिल्लर गाडिएको पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले जानकारी दिए । यसअघि सर्वोच्च अदालतको फैसला कार्यान्वयन सहजीकरण समितिले गठन गरेको प्राविधिक उपसमितिले फेवाताल किनारमा एक हजार ५५ वटा पोल गाड्न सीमांकन गरेको थियो । प्रमुख आचार्यले प्राविधिकले सीमांकन गरेको स्थानमा पोल गाड्ने काम सकिएसँगै अब दोस्रो चरणमा तालघर क्षेत्रमा परेका तथा तालको ६५ मिटर क्षेत्रभित्रका कित्ताको वर्गीकरणको काम सुरु गरिने बताए । 'फेवा किनार (तालघर) मा पहिलो चरणमा पोल गाड्ने कार्य बुधबार सकिएको छ । यसबाट फेवा ताल संरक्षणको दिशामा ऐतिहासिक प्रगति भएको छ । दोस्रो चरणमा जगाको कित्ता वर्गीकरण गरेर कुन मुआब्जा पाउने र कुन कित्ता बदर हुने निर्क्योल गर्नेछौं,' उनले भने ।

प्राविधिक टोलीले रेखांकन गरेका स्थानमध्ये सम्भव भएका ठाउँमा पोल गाडिएको तथा भिरालो भू-भागमा आवश्यक चिह्न दिइएको छ । महानगरले फेवाताल संरक्षण अभियानअन्तर्गत तेस्रो चरणमा मुआब्जा योग्य कित्ताको क्षतिपूर्तिका लागि सिफारिस गर्ने र मुआब्जा प्राप्त गरेपछि मात्र जग्गा खाली गरिने जनाएको छ । पछिल्लो अध्ययनअनुसार फेवातालको क्षेत्रफल ६.३४३ वर्ग किलोमिटर (१२ हजार ४६८ रोपनी तीन पैसा तीन दाम) कायम भएको छ । यसअघि फेवा तालको सीमांकनका लागि अत्याधुनिक डिजिपिएस प्रविधि र ड्रोन सर्भेको प्रयोग गरिएको थियो ।

फेवातालको चार किल्लामा पिल्लर गाडेपछि पोखराको पर्यावरण, प्राकृतिक सम्पदा र सांस्कृतिक पहिचान जोगाउन योगदान पुग्ने विश्वास गरिएको महानगरप्रमुख आचार्यले बताए । सर्वोच्च अदालतले २०८० असार ४ गते फेवाताल किनारदेखि ६५ मिटरसम्मका सबै संरचना हटाउन नेपाल सरकार, प्रदेश सरकार र पोखरा महानगरपालिकाका नाममा उत्प्रेषण परमादेश जारी गरेको थियो ।

बर्खायामको उच्चतम पानीको बिन्दुदेखि ६५ मिटरसम्मको क्षेत्रलाई मध्यवर्ती हरियाली क्षेत्र घोषणा गरेर सबै अस्थायी र स्थायी संरचना हटाउन आदेश गरिएको थियो ।

# लोप हुँदै साउने संक्रान्तिमा लुतो फाल्ने संस्कृति



**बागलुङ–** यहाँका छन्त्याल तथा मगर समुदायले हरेक वर्ष साउने संक्रान्ति भव्य रूपमा मनाउने गर्छन् । इष्टमित्र र चेलीबेटी जम्मा भएर दुःख सुख साट्ने पर्वका रूपमा साउने संक्रान्तिलाई लिने गरिन्छ । तर पछिल्लो समय बिस्तारै लुतो फाल्ने संस्कृति हराउँदै गएको छ ।

आधुनिक प्रविधिको विकास र पश्चिमा संस्कृतिको प्रभावसँगै पुराना संस्कृति लोप हुन थालेको बुढापाका बताउँछन् । बिहानदेखि साँझसम्म टाढिएका आफन्त जम्मा भएर मिठामिठा परिकार खाने, दुःख-सुख साटासाट गर्ने र साँझ घर-घरमा लुतो फाल्ने चलन कम भएको निसीखोला गाउँपालिका-६ का ७८ वर्षीय तिलबहादुर बुढा मगरले बताए ।

गाउँमा हाल पाँच/सात जना मात्रै पाका पुस्ता रहेकाले उहाँहरू रहँदासम्म मात्र परम्परा जिवित हुने अवस्था रहेको बुढा मगरको चिन्ता छ । 'हामीले चाडबाड भन्दा प्रविधिलाई बढी महत्व दिन थालेका छौँ, हाम्रो बाउबाजेदेखिको पुराना चलनहरू पहिलेको तुलनामा अभ्यासमा अहिले निकै घटेको छ,' बुढा मगरले भने, 'लुतो फाल्दा किरा फट्याङ्ग्राले बालीनाली नष्ट गर्दैन, शरीरमा रोग लाग्दैन भन्ने मान्यता छ ।'

साउने संक्रान्तिको साँझ कुरिलो, लुतेझार, पानीसरो, कागभलायो, कुकुरडाइनो, रातपातेलगायत औषधीय गुण बोकेका वनस्पतिका र कागती, अमिलो बेलौतीलगायतका फलफूलसहित कण्डारक नामक राक्षसको पूजा गरी घरको चारैतिर बलिरहेको अगुल्टो फाल्ने गरिए पनि उक्त चलन हराएको तमानखोला गाउँपालिका-३ का पूर्णबहादुर घर्ती मगरले बतए । लुतो फाल्दा नाङ्लो ठटाउने, डम्फू बजाउने, घण्ट बजाउने, ढिँकी कुट्ने र एकछिन घरको ढोका बन्द गर्ने चलन छ । यसरी लुतो फाल्दा रोगव्याधी नलाग्ने, बालीनाली राम्रो हुने र पशुचौपायालाई राम्रो हुने जनविश्वास रहेको घर्ती मगरको भनाइ छ । *रासस*

## टीकापुरमा प्लास्टिकका झोला प्रयोगमा प्रतिबन्ध

**टीकापुर (प्रस)–** टीकापुर नगरपालिकाले प्लास्टिकका झोला प्रयोगमा प्रतिबन्ध लगाएको छ । पालिकाले बिहीबारदेखि लागू हुनेगरी त्यस्तो व्यवस्था गरेको हो ।

नगरप्रमुख रामलाल थारुले दुई महिनाअघिदेखि पालिकालाई प्लास्टिकमुक्त क्षेत्र बनाउने अभियानमा आफू जुटेको जनाउँदै प्लास्टिकजन्य वस्तुको प्रयोग हुन नदिन स्थानीय राजनीतिक दल, व्यापारी, उद्योग वाणिज्य संघका पदाधिकारी र संघ संस्था, पत्रकार र समाजसेवीलाई आग्रह गरेका छन् ।

नगरपालिकाको निर्णयविपरीत प्लास्टिकका झोला बिक्रेतालाई प्रथमपटक एक हजार रूपैयाँ, दोस्रोपटक तीन हजार र तेस्रोपटक पाँच हजार रूपैयाँ जरिवाना हुने उनले बताए । त्यसैगरी, प्लास्टिकका झोला प्रयोग गर्नेलाई पहिलोपटक १० रूपैयाँ, दोस्रोपटक ५० रूपैयाँ र तेस्रोपटक १०० रूपैयाँ जरिवाना लिइने छ । प्लास्टिकको झोला उत्पादन गर्नेलाई पहिलोपटक दुई हजार रूपैयाँ, दोस्रोपटक चार हजार र तेस्रोपटक छ हजार रूपैयाँ जरिवाना हुने छ ।

नगरपालिकालाई प्लास्टिकमुक्त गर्ने निर्णय कठोर भएर कार्यान्वयन गर्ने प्रतिबद्धता नगरप्रमुख चौधरीले व्यक्त गरेका छन् । पालिकाले स्थानीय राजपत्रमा २०८० साल चैत २५ गते यससम्बन्धी सूचना प्रकाशन गरेर प्लास्टिकको प्रयोग नगर्न अनुरोध गर्दै आएको छ ।

पृष्ठ १ बाट क्रमशः

## सरकारप्रति...

भेटमा डा कोइरालाले पनि सरकारप्रति असन्तुष्टि पोखेको दाहालका स्वकीय सचिव गोविन्द आचार्यले बताए । 'दुई नेताबीचको भेटमा राजनीतिक र सरकारको विषयमा कुराकानी भयो,' आचार्यले भने, 'उहाँ(शेखर कोइराला)ले पनि सरकारप्रति असन्तुष्टि पोख्नुभयो ।'

कोइरालाले सरकारको विकल्प खोज्ने बेला आइसकेको दाहाललाई बताएका थिए । 'सरकारको कामकारबाही लोकतन्त्र र संघीयताको मर्म विपरित बढ्दै गएको छ । यसको विकल्प सोच्नुपर्ने बेला आएको छ,' कोइरालाले भेटमा भनेका थिए ।

■■■

## चल्यो ...

त्यसपछि सुवेदीले आफू दलबाट बाहिरिएर स्वतन्त्र रूपमा राजसंस्था पुनःस्थापनाका लागि संयुक्त जनआन्दोलनको नेतृत्व लिन तयार रहेको घोषणा गरेका थिए । हालै लिङ्देनले सुवेदीको सोही अभिव्यक्तिलाई आधार मानेर अनुशासन आयोगको अध्यक्षबाट हटाएको देखिएको छ । लिङ्देननिकट मानिने प्रवक्ता मोहन श्रेष्ठले सुवेदीको स्वतन्त्र भएको भन्दै घोषणा गरेको अभिव्यक्तिको भिडियो नै सार्वजनिक गरेका थिए ।

लावतीलाई भने प्रवक्ताबाट हटाउनुको कारण पार्टी र नेतृत्वविरुद्ध गलत प्रचार गरेको आरोप लिङ्देन पक्षको छ । लावतीलाई यसअघि पार्टीको विदेश विभाग र संगठन विभागकै सचिवबाट पनि लिङ्देनले हटाएका थिए । आफूलाई झण्डै एक वर्षबीचको तीनवटा जिम्मेवारीबाट हटाउनुको कारण थाहा नभएको लावतीले बताएका छन् ।

राप्रपाको विधानमा उल्लिखित अध्यक्षको काम, कर्तव्य र अधिकारको (ग) मा पार्टीको अनुशासन कायम राख्नको लागि निर्देशन दिने र आवश्यक परे कारबाही चलाउन केन्द्रीय कार्यसमितिमा पेस गर्ने भनिएको छ । स्पष्टीकरणको मौका पनि दिनुपर्ने उल्लेख छ । तर, लिङ्देनले स्पष्टीकरणको मौका नदिएको, निर्देशन नदिएको र कारबाहीबारे केन्द्रीय समितिमा प्रस्ताव समेत नलगेको जबराले नेतृत्व गरेको इतरपक्षको दाबी छ । यस्तो अवस्थामा सुवेदी, लावतीलगायतका नेतामाथिको कारबाही विधानविपरीत भएको इतरपक्षको तर्क छ ।

अध्यक्ष लिङ्देनले भने पार्टी र नेतृत्वविरुद्ध गतिविधि गर्नेहरूलाई कारबाही गर्ने चेतावनी दिँदै आएका छन् ।

विगतमा यो भन्दा सानातिना विवादले राप्रपालाई विभाजन ल्याउँथ्यो । २२ साउन २०७४ मा शेरबहादुर देउवा नेतृत्वको तत्कालीन सरकारमा जाने कि नजाने भन्ने विवाद कमल थापा र पशुपतिशम्शेर राणापक्षबीच हुँदा राप्रपा फुटेको थियो । त्यसअघि ६-९ फागुन २०७३ मा महाधिवेशनले राजासहितको प्रजातन्त्रको लाइन पारित गर्दा डा. प्रकाशचन्द्र लोहनी चोटिएर अलग भएका थिए । कहिले सत्ता, राजतन्त्रको लाइन त कहिले व्यक्तित्वको लडाइँ राप्रपा विभाजनको कारक बनेको विगत देखिएको छ । यसपटक पनि राप्रपा विभाजन भए त्यो विधानको हवाला दिँदै गरिने कारबाही देखिएको छ ।

■■■

## यूएईको नेपाली...

व्यवासयीले चाँडोभन्दा चाँडो यो समस्याको समाधान खोजेका छन् । यस्तो प्रवृत्ति नसुध्रिए संसदको अन्तर्राष्ट्रिय श्रम सम्बन्ध समिति, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, परराष्ट्र मन्त्रालय र अन्य जिम्मेवार निकायसम्म पुग्ने मञ्चले जनाएको छ ।

व्यवसायीले नेपाली श्रमिकको भर्ना प्रक्रियाका लागि मागपत्र प्रमाणीकरण गर्न आवेदन भरेर अवश्यक विवरण खुल्ने आधिकारिक मागपत्र, म्यानपावर कम्पनी र रोजगारदाताबिचको सम्झौताको प्रतिलिपि, रोजगारदाताले म्यानपावर कम्पनीलाई कामदार पठाउन जारी गरेको अधिकृत, आधिकारिक श्रम सम्झौता, श्रमिकको सुरक्षा सुनिश्चित् गर्ने पत्र लगायतका कागजात आवश्यक पर्छन् । म्यानपावर व्यवसायीले पठाउने श्रमिकको संख्याको आधारमा दूतावासमा प्रमाणीकरण दस्तुर तिर्नुपर्छ । दूतावासले केही समय अघिबाट नेपाली मिसन डिमान्ड प्रमाणीकरण प्रणालीमार्फत मागपत्र प्रमाणीकरण गर्दै आएको छ ।

यूएई प्रत्येक वर्ष एक लाखभन्दा बढी नेपाली युवाहरूको रोजगार गन्तव्य बन्दै आएको छ । अघिल्लो आर्थिक वर्ष २०८०/८१मा एक लाख ९३ हजार ४३८ जना यूएई गएका थिए ।


**अत्यन्त जरुरी सूचना**

*प्रकाशित मिति २०८२/०४/०२ गते*

यस संस्थाका केही शेयर सदस्यहरूले लामो समयदेखि संस्थामा सम्पर्क राख्नु नभएको र सहकारी ऐन २०७४, सहकारी नियमवाली २०७५, सहकारी विभाग र राष्ट्रिय सहकारी नियमन प्राधिकरणका मापदण्ड तथा संस्थाको विनियम तथा बचत परिचालन कार्यविधि लगायत भएका नीति एवम् नियमन निकायबाट भएका परिपत्र अनुसार भर्नुपर्ने सदस्य पहिचान फाराम (KYM) फर्म समेत भरी अपडेट गर्नु नभएको हुँदा यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र संस्थामा दुईप्रति फोटो र सक्कल नागरिकता सहित सम्पर्क गर्नु होला अन्यथा यस्ता सदस्यहरूलाई निष्क्रिय सदस्य समूहमा राखी संस्थाबाट प्राप्त हुने कुनै पनि सुविधा व्याज एवम् लाभ प्रदान नहुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**प्रवाह बहुउद्देश्यीय सहकारी संस्था लि.**
**का.म.न.पा.१५**


## आजको राशिफल




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com


शुक्रबार, ०२ साउन, २०८२

| | |
|---|---|
| मेष | प्रेम सम्बन्ध राम्रो रहनेछ । |
| वृष | आर्थिक पक्ष सबल रहनेछ । |
| मिथुन | काम गर्दा सकारात्मक उर्जा प्राप्त हुनेछ । |
| कर्कट | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| सिंह | रोकिएका काम सम्पादन हुनेछ । |
| कन्या | मिहिनेत गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| तुला | सोचेको उपलब्धि प्राप्त हुनेछ । |
| वृश्चिक | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| धनु | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| मकर | सुखद समाचारले उत्साह जगाउनेछ । |
| कुम्भ | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| मीन | सानोतिनो समस्याले अल्झाउन सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्यम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०२ साउन , २०८२ (१८ जुलाई, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३७.२१ | १३७.८१ |
| युरो | १ को | १५९.३१ | १६०.०० |
| पाउन्ड स्टिर्लङ | १ को | १८३.८६ | १८४.६७ |
| स्विस फ्रैन्क | १ को | १७१.०१ | १७१.७६ |
| अस्ट्रेलियन डलर | १ को | ८९.४५ | ८९.८४ |
| क्यानाडियन डलर | १ को | ९९.९५ | १००.३९ |
| सिङ्गापुर डलर | १ को | १०६.७८ | १०७.२५ |
| जापानी येन | १० को | ९.२२ | ९.२६ |
| चिनियाँ युआन | १ को | १९.११ | १९.२० |
| साउदी अरब रियाल | १ को | ३६.५८ | ३६.७४ |
| कतारी रियाल | १ को | ३७.६५ | ३७.८१ |
| थाई भाट | ख १ को | ४.२२ | ४.२३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.३६ | ३७.५२ |
| मलेसियन रिङ्गेट | १ को | ३२.३२ | ३२.४६ |
| दक्षिण कोरियन वन | १०० को | ९.८७ | ९.९१ |
| स्विडिस क्रोनर | १ को | १४.०७ | १४.१३ |
| डेनिस क्रोनर | १ को | २१.३५ | २१.४४ |
| हङकङ डलर | १ को | १७.४८ | १७.५६ |
| कुवेती दिनार | १ को | ४४८.७५ | ४५०.७१ |
| बहराइन दिनार | १ को | ३६३.९५ | ३६५.५४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# साउनमा धार्मिक आस्था र श्रृंगारको रौनक

■ संगीता राई



काठमाडौंको इन्द्रचोकस्थित पोते पसलमा खरिद गर्न पोते हेर्दै सर्वसाधारण। साउन महिनामा रातो, पहेंलो र हरियो पोते बढी बिक्री हुने व्यापारी बताउँछन्। *तस्बिर: हरिराम भेटुवाल /रासस*

**धरान–** धरान उपमहानगरपालिका-१४ की रमा नेपाली बिहीबार बिहानै हरियो चुरा र मेहेन्दी लगाएर मन्दिरमा पुगिन्। हरेक वर्ष साउने संक्रान्तिको दिनदेखि नै यसरी नै नेपाली हरियो श्रृङ्गारमा सजिने गर्छिन्। उनी भन्छिन्, ‘साउन सुरु भएपछि हरियो श्रृङ्गारमा सजिनु धर्म र संस्कृतिप्रतिको श्रद्धा हो जस्तो लाग्छ। ब्रत बसेर हरियो चुरा लगाउँदा आत्मिक सन्तुष्टि मिल्छ।’

उनका अनुसार साउन महिना जीवनसँग गहिरो रूपमा जोडिएको छ। यो महिना सुरु हुनासाथ महिलामा विशेष उत्साह जाग्ने गर्दछ। हरियो चुरा, मेहेन्दी, हरियो र पहेँलो पहिरन केवल सजावट मात्र नभई रमा परम्परा र आस्थाका प्रतीक ठान्छिन्। शिवको पूजा गर्दै सोमबार ब्रत बस्दा आत्मिक शान्ति मिल्ने उनको अनुभव छ। बाल्यकाल सम्झँदै उनी थप्छिन्, ‘पहिले आमा बिहानै उठेर गाईको दूध, बेलपत्र लिएर पूजा गर्न मन्दिर जानुहुन्थ्यो। अहिले म आफैंले पनि त्यो परम्परा निर्वाह गरिरहेकी छु।’

साउन महिनाको ब्रतले अनुशासन, संयम र श्रद्धाको भाव सिकाउने बताउँदै उनले हरियो रङलाई जीवनमा आशा र समृद्धिको प्रतीकका रूपमा लिएकी छिन्। साथीहरूसँग चुरा किन्न बजार जाँदा हुने रमाइलो क्षण अझै विशेष लाग्ने गरेको उनको अनुभव छ। साउन महिनाको आगमनसँगै नेपाली हिन्दू समुदायमा विशेष उमंग र उल्लास छाउने गर्दछ। प्रत्येक वर्ष झैं यस वर्ष पनि साउने संक्रान्तिदेखि नै देशका विभिन्न शहरमा हरियाली पोशाक, चुरा र मेहेन्दीको रौनक देखिन थालेको छ। धरान, सुनसरीलगायतका सहरमा साउन लागेसँगै महिला दिदीबहिनी हरियो, पहेँलो र रातो रङका पहिरन, चुरा तथा मेहेन्दीमा सजिएर धार्मिक आस्था प्रकट गरिरहेका छन्।

धरान उपमहानगरपालिका-३ की पवित्रा सुवेदी पनि साउनभर हरियो चुरा, पोते र पहिरनमा सजिन मन लाग्ने बताउँछिन्। सुवेदी प्रत्येक सोमबार ब्रत बस्ने र शिव मन्दिर गई पूजापाठ गर्ने गरेको बताउँछिन्। शिवको कृपा पाउन पार्वतीले जस्तै हरियो पहिरन र चुरा लगाएर ब्रत बसिन्छ भन्ने विश्वासले गर्दा यो परम्परा पछ्याउँदै आएको उनले सुनाइन्। धरान उपमहानगरपालिका-२० की सरस्वती राई भन्छिन्, ‘साउनमा बजारको चहलपहल हेर्दा दसैं झैं लाग्छ।’ राईले पनि साउनमा लगाउन केही दिनअघि नै बजार आई हरियो चुरा, पोते र कपडा किनेको बताइन्।

साउनमा विशेषगरी सोमबारका दिन ब्रत बसी शिव मन्दिरमा पूजा-आराधना गर्ने परम्परा रहिआएको छ। विशेषगरी विवाहित महिलाहरूका लागि साउन महिना धर्म, संस्कृति र सौभाग्यको प्रतीकका रूपमा लिइन्छ। यस महिनाभर महिलाहरूले ब्रत बस्ने शिव मन्दिर जाने, शाकाहारी भोजन ग्रहण गर्ने तथा हरियो श्रृङ्गारका सामग्री प्रयोग गर्ने परम्परा रहेको छ।

साउन महिना शिवजीको आराधनाको विशेष समयको रूपमा लिने गरिन्छ। यो महिनाभर ब्रत बस्ने, मन्दिर जाने, चुरा-मेहेन्दी लगाउने चलन पुरानै हो। तर समयसँगै यसको महत्व अझ बढेको छ। अहिले महिलाहरूले यो समयलाई आत्मचिन्तन र आध्यात्मिक उन्नतिको समयका रूपमा पनि लिने गरेका छन्। साडीमा हरियो र पहेँलो रङको मेल, चुरा र मेहेन्दीले सजिएको हात यी सबै कुराले हाम्रो संस्कृतिलाई जीवित राखेको छ।

‘साउनको हरेक सोमबार मन्दिरमा शिव पूजाका लागि जाने हाम्रो परम्परा छ, म यसलाई केवल धार्मिक कर्तव्यको रूपमा होइन, महिलाहरूबीचको एकताको रूपमा पनि हेर्छु’, इटहरी उपमहानगरपालिका-७ का रमा बस्नेत भन्छिन्, ‘साउन महिनाभर हामी समूहमा पूजा गर्छौं, भजन गाउने गर्छौं, अनि एक अर्काको घरमा प्रसाद बाँड्छौं यस्तो संस्कारले साथीहरूमा सम्बन्ध बलियो बनाउँछ।’ साउन महिना हामी महिलाका लागि भने साँच्चीकै विशेष लाग्ने गरेको बताउँदै बस्नेत भन्छिन्, ‘ब्रत बस्दा शरीर शुद्ध हुन्छ, हरियो चुरा र पहेंलो कपडा लगाएर साथिहरूसँग मठमन्दिरमा पूजा गर्न जान्छौं। यसले हाम्रा तन र मन पवित्र भएको अनुभव हुन्छ।’

अहिले साउन महिनाको आगमनसँगै धरानको प्रमुख व्यापारिक क्षेत्र भानुचोक, सब्जीमण्डी, देसीलाइन, पुरानो बजारलगायतका स्थानमा रहेका कस्मेटिक तथा चुरा पसलमा उल्लेखनीय चहलपहल देखिएको छ। श्रृङ्गार सामग्री किनमेल गर्ने महिला ग्राहकको आवागमन बाक्लिँदै गएसँगै ती क्षेत्रमा बजार गतिविधि झनै रंगीन बनेको छ।

व्यापारीहरूका अनुसार साउन महिनामा बिक्री हुने चुरा, मेहेन्दी, टिका, क्लिप, बिन्दी, नेलपोलिस, सिन्दूरलगायतका श्रृङ्गार सामग्रीमा अन्य महिनाको तुलनामा उल्लेखनीय माग बढ्ने गरेको छ। विशेषगरी विवाहित तथा किशोरी महिला साउन महिनामा हरियो रङको चुरा र मेहेन्दीप्रति आकर्षित हुने भएकाले बजारमा ती वस्तुको माग उच्च हुने गरेको गर्दछ। ‘साउन एक महिनाको बिक्री अरू महिनाभन्दा दोब्बर जस्तै हुन्छ’, धरान सब्जीमण्डीका व्यापारी सञ्जय महर्जनले भने, ‘साउन सुरु भएपछि ग्राहकको घुइँचो बिहानैदेखि लाग्ने गर्छ। अघिल्ला महिनामा फाट्टफुट्ट ग्राहक आउने तर साउन सुरु भएपछि चुरा लागाउने ग्राहक महिलाहरूको सङ्ख्या बिहानैदेखि बेलुकासम्म नै पसलमा भीड हुन्छ।’

यसरी साउनले बजारमा ल्याउने उत्साह र चहलपहलले स्थानीय साना व्यापारीलाई मात्र होइन, सम्पूर्ण बजारलाई नै जीवन्त बनाउने गरेको देखिन्छ। व्यापारी महर्जनले भने, ‘साउन महिना हामीजस्ता साना व्यापारीका लागि विशेष व्यस्तता र आम्दानीको राम्रो अवसर पनि हो।’ साथै, मेहेन्दी लगाउने चलन बढेसँगै धरानका सौन्दर्य सैलुन, ब्युटीपार्लरमा समेत सेवाग्राहीको चाप दोब्बर भएको देखिएको छ। धरानको देसीलाइनमा ब्युटीपार्लर सञ्चालन गर्दै आउनु भएका रमिला खत्री साउन सुरु भएयता मेहेन्दी लगाउन आउने महिलाको सङ्ख्या दिनहुँ बढ्दै गएको बताउँछिन्।

हरियाली, हरियो चुरा, हरियो मेहेन्दी र हरियो पोशाकले साउनले नारी चेतनामा आध्यात्मिक अनुभूति थप्ने गरेको छ। धरानको सडकदेखि मन्दिर परिसरसम्म र बजारदेखि नारी मनसम्म साउने हरियालीले आत्मालाई हरित भावनासँग जोड्ने गरेको छ। साउनमा विशेषगरी विवाहित हिन्दू महिलाहरूले श्रीमान्को दीर्घायुको कामना गर्दै ब्रत बस्ने, हरियो चुरा र मेहेन्दी लगाउने तथा शिव मन्दिरमा पूजाआजा गर्ने परम्परा छ। साउने संक्रान्तिको बिहानै धरानका मन्दिरमा पूजारी र दर्शनार्थीको सङ्ख्यासमेत उल्लेखनीय बढेको देखिन्छ।

हिन्दू शास्त्रअनुसार हरियो रङलाई हरियाली, प्रेम र आशाको प्रतीक मानिन्छ भने पहेंलो रङ पवित्रता र रातो रङ सौभाग्यको संकेत हो। यी तीन रंगको संयोजनमा श्रृङ्गार गरेर महिलाहरू शिव उपासना र ब्रतमा सहभागी हुने गर्छन्। हिन्दू धर्मशास्त्रमा उल्लेख भएअनुसार साउन महिनाभर देवी पार्वतीले भगवान शिवलाई प्राप्त गर्न निराहार ब्रत बसी, हरियो चुरा, पोते, मेहेन्दी र पहिरनमा सजिएर पूजा गरेको वर्णन पाइन्छ। यही धार्मिक प्रसंगलाई आधार मानेर नेपाली हिन्दू नारीहरूले यो महिनालाई सौभाग्य, पति दीर्घायु र पारिवारिक समृद्धिको प्रतीकका रूपमा मनाउने गर्छन्।

## बोलबम मेला सुरु



साउन महिनाको आगमनसँगै धरानको प्रसिद्ध धार्मिक स्थल धरान उपमहानगरपालिका-१४ मा रहेको पिण्डेश्वर मन्दिरमा पनि धार्मिक र सांस्कृतिक रौनक सुरु भएको छ। धरानको विजयपुर डाँडामा अवस्थित पिण्डेश्वर महादेव मन्दिरमा आजदेखि बोलबम मेला सुरु भएको छ। यो मेला साउन महिनाभर लाग्ने गर्दछ। साउन महिना सुरु भएसँगै धरानको प्रसिद्ध पिण्डेश्वर मन्दिर शिवभक्तको भीडले भरिन थालेको छ। विशेषगरी भारत र नेपालका विभिन्न स्थानबाट आएका भक्तजन चतरास्थित सप्तकोशी नदीमा स्नान गरी खाली खुट्टा हिँड्दै गेरुवस्त्र लगाएर पवित्र जल बोकेर पिण्डेश्वर मन्दिरमा जल चढाउन आउने परम्परा पछिल्ला केही दशकयता अत्यन्तै बढेको छ।

पिण्डेश्वर मन्दिरमा ‘अमृतपिण्ड’का रूपमा भगवान शिवको पूजा अर्चना गरिन्छ। मान्यता अनुसार यो मन्दिर अमृतको अंशबाट स्थापित भएकाले यहाँ चढाइने जलले विशेष पुण्य प्राप्त हुन्छ भन्ने विश्वास छ। स्कन्ध पुराणमा समेत यसको उल्लेख भेटिन्छ। यही विश्वासका कारण हरेक वर्ष साउनभर विशेषगरी सोमबारका दिन शिवभक्त यहाँ आएर पूजापाठ गर्ने गर्छन्।

हिन्दू धर्मशास्त्र अनुसार साउन शिवजीको प्रिय महिना मानिन्छ। विशेषगरी साउनको सोमबारलाई अत्यन्तै शुभ र फलदायी मानिन्छ। यसै कारणले धरानको पिण्डेश्वर मन्दिरमा हरेक सोमबार विशेष मेला लाग्ने गर्छ, जसलाई बोलबम मेला भनेर चिनिन्छ। यस मेलामा सहभागी हुने भक्तजन ‘बोलबम ‘हर हर महादेव’ जस्ता नारासहित श्रद्धाभावमा रमाउने गर्दछन्। उनीहरू समूह बनाएर पैदल यात्रा गर्छन्।

भारतको बिहारस्थित देवघरको बैद्यनाथधाम मन्दिरमा बोलबम मेलाको पुरानो परम्परा रहँदै आएको थियो। विसं २०४२ देखि धरानको पिण्डेश्वर मन्दिरमा पनि बोलबम मेला सुरु गरिएको हो। विशेषगरी सीमावर्ती भारतीय राज्यहरू बिहार, झारखण्ड, उत्तर प्रदेशदेखि लिएर नेपालको तराई, पहाड, र राजधानीसम्मका भक्तजन यहाँ आउने गर्दछन्। पिण्डेश्वर मन्दिर परिसरमा यस समयमा ब्रतालुहरूका लागि जलपान, विश्राम, र पूजा सामग्री किन्न सकिने दर्जनौं अस्थायी स्टलहरू समेत सञ्चालनमा ल्याइएको छ। स्थानीय बासिन्दा र धार्मिक सङ्घसंस्थाले भक्तजनलाई सहज यात्रा बनाउने उद्देश्यले स्वेच्छिक सेवा प्रदान गर्ने गर्दछन्।

धरानको पिण्डेश्वर मन्दिर धार्मिक आस्थाको केन्द्र मात्र नभई पर्यटकीय हिसाबले पनि आकर्षक गन्तव्य मानिन्छ। साउनमा आयोजना हुने बोलबम मेलाले धरानको धार्मिक पर्यटन प्रवर्द्धनमा सकारात्मक प्रभाव पार्दै आएको पिण्डेश्वर बाबाधाम समितिका अध्यक्ष विकास बनेपालीले बताए। धार्मिक श्रद्धा, सांस्कृतिक विविधता र भक्तिभावको अद्वितीय संगमको अनुभूति गराउने पिण्डेश्वर मन्दिरमा, साउन महिनाभरि बोलबमको जयकाराले वातावरण भक्तिमय बनाउने गरेको उनको भनाइ छ। शिव भक्तिको उत्सव, रंगीन श्रृङ्गारको समावेशी सौन्दर्य र पिण्डेश्वरमा गुञ्जिने बोलबमको जयघोषसँगै धरान हरेक वर्ष साउन महिना साँच्चीकै हरियाली शहर बन्ने गर्दछ।

# काठमाडौंमा बढ्यो डेंगीको जोखिम



**काठमाडौं–** नियमित पानी परेकाले डेङ्गी सङ्क्रमणको जोखिम बढेको भन्दै काठमाडौं महानगरपालिकाले सचेत रहन आग्रह गरेको छ। विगत एक महिनादेखि नियमितजसो पानी परिरहेकाले ‘एडिज’ जातिका पोथी लामखुट्टेको टोकाइबाट लाग्ने डेङ्गीको संक्रमणको जोखिम पनि बढेको भन्दै सचेत रहन आग्रह गरिएको महानगरको महामारी रोग रोकथाम तथा नियन्त्रणका लागि स्रोत व्यक्ति ऋषि भुषालले जानकारी दिए।

डेङ्गीबाट कोही सङ्क्रमित भएमा वडामा रहेको स्वास्थ्य प्रवर्द्धन केन्द्रमार्फत सिटामोल र जीवनजललगायत औषधि सहज उपलब्ध गराउन कामपाले सम्पूर्ण तयारी गरिसकेको पनि भुषालले जानकारी दिए।

जल तथा मौसम विज्ञान विभागले यस वर्षको वर्षायाममा विगतका वर्षमा भन्दा बढी पानी पर्ने भनेपछि डेङ्गीको जोखिम झन बढ्ने महानगरले जनाएको छ। सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र क्लिनिकमा कार्यरत स्वास्थयकर्मी, स्वास्थ्य स्वयंसेविका, सरसफाइमा काम गर्ने सरसफाइकर्मीले आ-आफ्नो टोलटोलमा पानी जमेको स्थानको सरसफाइसमेत गरिरहेका छन्।

डेङ्गी रोग नियन्त्रण गर्नका लागि सामुदायिक विद्यालयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ। महानगरका ३२ वटै वडामा रहेका सामुदायिक विद्यालयका कक्षा ८, ९ र १० का विद्यार्थीलाई लक्षित गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको हो।

### डेङ्गीको मुख्य लक्षण

डेङ्गी सङ्क्रमण भएपछि बिरामीलाई ज्वरो आउने, आँखा रातो हुने र टाउको, पेट, जोर्नी मांसपेशी दुख्ने, आलस्य हुनेजस्ता लक्षण देखा पर्दछन्। टाउको दुख्ने, आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने, ढाड, जोर्नी तथा मांसपेसी दुख्ने, शरीरमा बिमिरा आउने, वाकवाकी लाग्ने, पेट दुख्ने, नाक वा गिजाबाट रगत बग्ने, रक्तस्राव हुने, शरीरमा रगत जमेको दाग देखापर्नेलगायत लक्षण रहेको भुषालले जानकारी दिए। एडिज जातको लामखुट्टेले बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकाले सो समयमा थप सचेत हुनुपर्ने छ।

डेङ्गीबाट बच्न घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाउँमा पानी जम्न नदिने, पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरी छोपेर राख्ने, घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने, बिहान, दिउँसो, राति जुनसुकै बेला झूल लगाएर मात्र सुत्ने, पूरै शरीर ढाक्ने लुगा लगाउने, काम नलाग्ने र पानी भरिनसक्ने सामान जस्तै बोतल, टायर, प्लाष्टिकका वस्तु पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने, पानी ट्याङ्की, फूलदानी, गमलामा राखिएको प्लेट राम्ररी सफा गर्नेलगायत उपाय अपनाउन महानगरको आग्रह छ। *रासस*

साउदीमा रोजगार
कम्पनी : COFFEE SHOP WORKER SERVING DRINKS
पूर्व स्वीकृति मिति : २०८२/03/३२ LT. No. 327226 चलानी नं. ६०२४१०९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 1 | 0 | 1200 | ४३,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ९ देखि १३ गते (25-29 Jul. 2025) सम्म हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Govt.Lic. No 1096/073/74
YATRA H.R. SOLUTION PVT. LTD.
Old Baneshwor-09, Kathmandu, Nepal, T: +977-1-4114682, +977-1-4114683, 9851046305
Email:- info@yatrahrsolution.com, yatrahr2017@gmail.com, Web: www.yatrahrsolution.com

साउदी/कुवेतमा रोजगार
कम्पनी : INTERNATIONAL SCISSORS FACTORY FOR INDUSTRY
पूर्व स्वीकृति मिति : २०८२/03/१९ LT. No. 326657 चलानी नं. ६०२४११०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SPORTS ASSISTANT | 1 | 0 | 1500 | ५४,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PLAY ENTERPRISES GENERAL TRADING AND CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति : २०८१/१०/२९ पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/01 LT. No. 318682 चलानी नं. ६०२३१९२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 119 | 53 | 90 | ४०,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १४ र १७ गते (30th July & 1st Aug. 2025) मा हुनेछ।
पोखरा, बाजेको सेकुवामा मिति: २०८२ साउन १५ गते (31st July 2025) मा हुनेछ।
झापा, बिर्तामोड, सिपि होटलमा मिति: २०८२ साउन १७ गते (2nd Aug. 2025) मा हुनेछ।
सुनसरी, इटहरी, होटल लन्डनमा मिति: २०८२ साउन १७ गते (2nd Aug. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/७५

युएइमा रोजगार
कम्पनी : RR FACILITY MANAGEMENT - SOLE PROPRIETORSHIP L.L.C
पूर्व स्वीकृति मिति : २०८१/0९/01 पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/01 LT. No. 315528 चलानी नं. ६०२२९७३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 78 | 48 | 800 | २९,९१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ९ गते (25th July 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Frontline Recruitment
FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

साउदीमा रोजगार
कम्पनी : RADIF TRADING EST.
पूर्व स्वीकृति मिति : २०८१/१०/03 पुन: विज्ञापन स्वीकृति मिति : २०८२/04/01 LT. No. 316680 चलानी नं. ६०२३०९७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laborer & Unloading | 1 | 0 | 1000 | ३६,६२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ९ गते (25th Jul. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

HALESI OVERSEAS PVT LTD
Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com
Govt. License No. 1161/073/74

युएइमा रोजगार
कम्पनी : AL AUSUS AL ARBAA GENERAL CONTRACTING L.L.C.
पूर्व स्वीकृति मिति : २०८२/03/३२ LT. No. 327075 चलानी नं. ६०२४१०९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CENTRAL AIR CONDITIONING EQU.OPT. | 2 | 0 | 1600 | ५९,८३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Worker | 8 | 0 | 1000 | ३७,४०० | | | | | | | |
| 3 | Electrician | 7 | 0 | 1600 | ५९,८३९ | | | | | | | |
| 4 | Electrician Assistant | 1 | 0 | 1600 | ५९,८३९ | | | | | | | |
| 5 | Helpers (Construction) | 1 | 0 | 1000 | ३७,४०० | | | | | | | |
| 6 | Plumber | 7 | 0 | 1600 | ५९,८३९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ९ गते (25th July 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Lucky Human Resource Pvt.Ltd.
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np
श्रम ईजाजत नं. १३०२/०७४/०७५

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# डेंगी लाग्नबाट बचौं पूर्वतयारीमा लागौं

**प्रत्येक वर्ष झैं यसपटक पनि काठमाडौं उपत्यकामा डेंगी संक्रमणको जोखिम बढ्दो छ । एक महिनायता नियमित पानी परेसँगै 'एडिज' जातिका पोथी लामखुट्टेको टोकाइबाट लाग्ने डेंगीको संक्रमणको जोखिम पनि बढेको हो । जल तथा मौसम विज्ञान विभागले पानी अझै पर्ने जनाएको छ । गर्मी र वर्षाका कारण अचेल जताततै लामखुट्टे देखिन थालेको छ । जसकारण यसको टोकाइबाट बच्नु पहिलो प्राथमिकता हो ।**

**काठमाडौंमा झैं मुलुकभर डेंगी संक्रमणको जोखिम दिनानुदिन बढ्दो छ । डेंगीबाट बच्ने एकमात्र उपाय हो लामखुट्टेको टोकाइबाट जोगिनु । डेंगी संक्रमण भएपछि बिरामीलाई ज्वरो आउने, आँखा रातो हुने र टाउको, पेट, जोर्नी मांसपेशी दुख्ने, आलस्य हुनेजस्ता लक्षण देखा पर्दछन् । टाउको दुख्ने, आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने, ढाड, जोर्नी तथा मांसपेसी दुख्ने, शरीरमा बिमिरा आउने, वाकवाकी लाग्ने, पेट दुख्ने, नाक वा गिजाबाट रगत बग्ने, रक्तस्राव हुने, शरीरमा रगत जमेको दाग देखापर्नेलगायत लक्षण देखिन्छ । एडिज जातको लामखुट्टेले बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकाले सो समयमा थप सचेत हुनुपर्ने देखिन्छ ।**

**डेंगीबाट बच्न घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाउँमा पानी जम्न नदिने, पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरी छोपेर राख्ने, घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने, बिहान, दिउँसो, राति जुनसुकै बेला झूल लगाएर मात्र सुत्ने, पूरै शरीर ढाक्ने लुगा लगाउने , काम नलाग्ने र पानी भरिनसक्ने सामान जस्तै बोतल, टायर, प्लाष्टिकका वस्तु पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने, पानी ट्याङ्की, फूलदानी, गमलामा राखिएको प्लेट राम्ररी सफा गर्नेलगायत उपाय अपनाउन पर्छ । हिजोआज डेंगीमात्र नभएर कोरोनाको जोखिम पनि उच्च छ ।**

**त्यसैले घरबाटै लामखुट्टेका लागि अनुपयुक्त वातावरण निर्माण गर्नुपर्ने देखिन्छ । संक्रमण भएपछि कसरी जोगिने ? यसका लागि सरकारले त कुनै तयारी गरेको देखिँदैन । अस्पतालहरूमा बेडको जोहो कसरी गर्ने ? पूर्वतयारी नहुँदा सर्वसाधारण पनि आतंकित छन् । एक त डेंगी लाग्नै नदिन सरकारले पूर्वतयारी गरोस् । अर्को नियन्त्रणका लागि सरकारले तत्कालै प्रभावकारी कदम चाल्नुपर्छ । अघिल्ला वर्षहरूमा डेंगीले महामारीको रूप लिएको थियो । त्यसैले पनि डेंगी नियन्त्रणमा सरकार गम्भीर बनोस् ।**

# नयाँ संरचनामार्फत आन्तरिक रोजगारी प्रवर्द्धन



■ शरतसिंह भण्डारी

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयप्रति जनताले धेरै आशा गरेका छन् । विशेषगरी मन्त्रालयले श्रमसँग जोडिएका विषयलाई व्यवस्थित रूपमा अगाडि बढाउन खोजिरहेको छ । अहिले युवा पलायन भए भनी एउटा जबर्जस्त भाष्य पनि निर्माण गरिएको छ । त्यसको असर मुलुकलाई परिरहेको छ । मेरो ध्यान कसरी युवा पुस्तालाई देशमै राख्न सकिन्छ, उनीहरूका लागि रोजगारी कसरी सिर्जना गर्न सकिन्छ भन्नेमै केन्द्रित छ । विदेश गएका श्रमिकले सिकेका ज्ञान र सीपलाई देशभित्र कसरी प्रयोग र उपयोग गर्न सकिन्छ भन्ने विषयमा पनि मेरो ध्यान गएको छ ।

मेरो मन्त्रालयमा सबैभन्दा बढी वैदेशिक रोजगारीसम्बन्धी मात्रै काम छन् । मन्त्रालयअन्तर्गत वैदेशिक रोजगार महाशाखा, वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार बोर्ड छ । मन्त्रालयका आन्तरिक संरचना परिवर्तन गरी आन्तरिक रोजगार महाशाखा स्थापना गरेका छौं । त्यो महाशाखा स्थापनासँगै रोजगार मेला र सम्मेलन आयोजना गरियो । त्यो सम्मेलनमा प्रधानमन्त्रीले आगामी दशक आन्तरिक रोजगार प्रवर्द्धनको दशक भनेर घोषणा गर्नुभएको छ । त्यो घोषणालाई कार्यान्वयन गर्ने काम आन्तरिक रोजगार महाशाखाले गर्ने छ ।

आन्तरिक रोजगार प्रवर्द्धन दशक सफल बनाउन श्रम मन्त्रालयले विभिन्न तरिकाले काम थालेको छ । त्यसअन्तर्गत वैदेशिक रोजगारीबाट स्वदेश फर्किएकाहरूलाई उनीहरूले सिकेका सीप र ज्ञानलाई देशभित्रको उद्यमशीलतासँग जोड्ने काम गर्ने छ । राष्ट्रिय तालिम व्यावसायिक प्रतिष्ठानले त्यसका लागि आवश्यक तालिमको व्यवस्था गरिरहेको छ । प्रतिष्ठानले मुलुकभित्र रोजगारीको सम्भावना हेरेर रोजगारदाता र सीपयुक्त जनशक्तिलाई जोड्ने छ । त्यसक्रममा प्रतिष्ठानले करिब १३ वटा संस्थासँग सम्झौता गरिसकेको छ । नेपालमा अहिले बेरोजगारी दर बढिरहेको छ । श्रमबजारमा हरेक वर्ष पाँच लाख मान्छे आउँछन् । तर सोचेजति दक्ष मानिस आएका छैनन् । उनीहरूलाई दक्ष बनाउन प्रतिष्ठानसँग रोजगारदातालाई जोड्ने काम भएको छ । श्रमसँग सम्बन्धित कामलाई एकद्वार प्रणालीमार्फत अगाडि बढाउन मन्त्रालयले 'श्रम संसार' भन्ने 'नेसनल डिजिटल पोर्टल' बनाएको छ । आन्तरिक रोजगारीलाई प्रवर्द्धन गर्न मन्त्रालयले सम्पूर्ण संरचना नै नयाँ बनाएर काम गरिरहेको छ ।

> वैदेशिक रोजगारीबाट स्वदेश फर्किएकाहरूलाई उनीहरूले सिकेका सीप र ज्ञानलाई देशभित्रको उद्यमशीलतासँग जोड्ने काम गर्ने छ । राष्ट्रिय तालिम व्यावसायिक प्रतिष्ठानले त्यसका लागि आवश्यक तालिमको व्यवस्था गरिरहेको छ । प्रतिष्ठानले मुलुकभित्र रोजगारीको सम्भावना हेरेर रोजगारदाता र सीपयुक्त जनशक्तिलाई जोड्ने छ । त्यसक्रममा प्रतिष्ठानले करिब १३ वटा संस्थासँग सम्झौता गरिसकेको छ । नेपालमा अहिले बेरोजगारी दर बढिरहेको छ । श्रमबजारमा हरेक वर्ष पाँच लाख मान्छे आउँछन् । तर सोचेजति दक्ष मानिस आएका छैनन् । उनीहरूलाई दक्ष बनाउन प्रतिष्ठानसँग रोजगारदातालाई जोड्ने काम भएको छ । श्रमसँग सम्बन्धित कामलाई एकद्वार प्रणालीमार्फत अगाडि बढाउन मन्त्रालयले 'श्रम संसार' भन्ने 'नेसनल डिजिटल पोर्टल' बनाएको छ । आन्तरिक रोजगारीलाई प्रवर्द्धन गर्न मन्त्रालयले सम्पूर्ण संरचना नै नयाँ बनाएर काम गरिरहेको छ ।

वैदेशिक रोजागरीमा जाने श्रमिक सामाजिक सुरक्षामा अनिवार्य आबद्ध भएर मात्रै जाने व्यवस्था मिलाइएको छ । तर, वैदेशिक रोजगारीमा जानेहरूले सामाजिक सुरक्षालाई निरन्तरता नदिएको भन्ने कुरा आइरहेको छ । निरन्तरताका लागि प्रविधिको प्रयोग अपनाउन खोजिरहेका छौं । हालै भएको इरान र इजरायलबीचको द्वन्द्वमा श्रम संसारको 'पोर्टलमा जिरो लोकेसन' भन्ने एप्स राखेका थियौं । त्यसबाट नेपाली कहाँ छन् भन्ने पत्ता लगाउन सजिलो भयो । अब विदेशी कामदारको सामाजिक सुरक्षालाई निरन्तरताको लागि मोबाइल 'नोटिफिकेसन'को पनि व्यवस्था गर्दैछौं ।

यसको कार्यविधिमा काम गरिरहेका छौं । राष्ट्र बैंकसँग मिलेर काम गर्दै छौं । अब चाँडै नै कार्यविधि आउँछ । यसको मुख्य उद्देश्य भनेको वैदेशिक रोजगारीमा जाने श्रमिकले विनाधितो ऋण दिने हो । त्यसमा पनि रोजगारदाताले तिर्नुपर्ने पैसा रोजगारदाताले तिर्ने, श्रमिकले तिर्नुपर्ने श्रमिकले तिर्ने व्यवस्था हुन्छ । ऋण फिर्ता गर्ने क्रममा सामाजिक सुरक्षालगायतका सबै दायित्व अनलाइनबाटै गर्न सक्नेगरी कार्यविधि ल्याएका छौं । नेपालको सन्दर्भमा सरकारले स्थायी, करार र अस्थायी कर्मचारीलाई पनि सामाजिक सुरक्षामा आबद्ध गर्न आह्वान गरेको छ ।

विगत १६ वर्षको अवधिमा वैदेशिक रोजगारीमा गएका १४ हजारभन्दा बढी नेपालीको ज्यान गएको छ । यो संख्याले उनीहरूको स्वास्थ्यमा केही न केही समस्या थियो भन्ने बुझिन्छ । एक अध्ययनले यसमा वैदेशिक रोजगारीमा जाने क्रममा अधिकांश त स्वास्थ्य परीक्षणमा नै अनियमितता भएको अवस्था देखियो । वैदेशिक रोजगारीबाट फर्किएका धेरैमा मिर्गौलाको समस्या देखिएको छ । यसको बारेमा विज्ञसँग व्यापक छलफल गरियो । यसको कारण जनचेतनाको कमी र जीवनशैली हो भन्ने छ । यसमा केही मापदण्ड बनाइ निरन्तर अनुगमन गर्ने काम भएको छ । अहिले स्वास्थ्य परीक्षण सम्पूर्ण प्रक्रियालाई डिजिटल गरिएको छ । नेपालबाट विदेश गएर नफर्किएसम्म श्रमिकका सबै प्रमाणलाई डिजिटल प्रविधिमा प्रविष्ट गर्ने र अनुगमन गर्ने व्यवस्था मिलाइएको छ ।

महिलालाई कतिपय देशमा वैदेशिक रोजगारीमा जान रोक लगाइएको छ । तर, नेपालको संविधानले रोकेको छैन । संविधानले रोजगारीको हक हुने छ भनेको छ । लैंगिक समानताको पनि कुरा गरेको छ । तर, विभिन्न देश हुँदै श्रमका लागि नेपाली महिला विदेश गएको देखिन्छ । यस्तो अवस्थामा श्रम र परराष्ट्र मन्त्रालय मिलेर गत सेप्टेम्बर २०२४ भन्दा पहिला विभिन्न बाटो हुँदै विदेश गएका र त्यहाँ काम गरिरहेका छन् भने त्यहींको नियोगबाट श्रम स्वीकृति दिएर श्रम प्रणालीसँग जोड्न खोजिएको छ । त्यसले नेपाली महिला विदेशमा अलपत्र पर्ने अवस्था अन्त्य गर्ने विश्वास गरिएको छ ।

वैधानिकरूपमा महिला कामदार जान पाउनुपर्छ भन्ने कुरा सबैतिरबाट उठेको थियो । कामका लागि विदेश जान पाउनु महिलाको अधिकारको विषय हो भनी महिला अधिकारकर्मीले कुरा उठाउनुभएको छ । महिलाको अधिकार खोसियो, किन जान नपाउने भन्ने प्रश्न उठ्यो । त्यो भएपछि संसदीय श्रम समितिका सदस्यहरूले दुबई र ओमानको स्थलगत अध्ययन भ्रमण गर्नुभयो । त्यसपछि श्रम मन्त्रालयलाई छ बुँदे निर्देशन दिनुभएको छ । सोही निर्देशनको आधारमा मन्त्रालयले एउटा कार्यविधि बनाएको छ । कार्यविधिमा कुनै एउटा पाइलट प्रोजेक्ट बनाएर नमूनाको रूपमा पठाउने भनिएको हो । त्यो सफल भएमा बल्ल अरु अगाडि बढाउने भनिएको हो । अहिले पाइलट प्रोजेक्टको कार्यविधिलाई सहमतिका लागि परराष्ट्र मन्त्रालयमा पठाइएको छ । परराष्ट्र मन्त्रालयको राय आएपछि सम्बन्धित मुलुकसँग छलफल हुने छ । यसमा कानुन मन्त्रालयको पनि राय आएपछि यो पारदर्शी ढंगबाट अगाडि बढ्छ । दुई देशबीचमा सम्झौता भइसकेको छ । सम्झौताको आधारमा महिलालाई त्यस देशमा पठाउने काम हुन्छ ।

सरकारले अघि सारेको संविधान संशोधनको विषयलाई मैले सकारात्मक रूपमा लिएको छु । किनभने म जुन पार्टीबाट मन्त्री भएको छु, मेरो पार्टी लोकतान्त्रिक समाजवादी पार्टीले बारम्बार संविधान संशोधनको विषय उठाइरहेको छ । हामीले यो संविधानले पूर्णता प्राप्त गरेको छैन भनिरहेका छौं । संविधान जारी गर्ने क्रममै पनि पार्टीको असहमति थियो । हामीले संविधान मान्दैनौं भनेका छैनौं । संविधान मानेर नै हामी सरकारमा छौं । तर, संविधान संशोधन गर्नुपर्ने छ । संविधानले राजनीतिकरूपमा पूर्णता पाएपछि मात्रै मुलुक आर्थिक विकासको गतिमा अगाडि बढ्छ भन्ने लाग्छ । संविधानमा केही विभेदकारी कुरा छन् । जसले मधेसी, आदिवासी जनजाति र पछाडि परेको समुदायले समानताको आधारमा समान हकअधिकार पाउनुपर्छ भनेका छन् । त्यो विषय संविधानको सिद्धान्तमा छ अभ्यासमा छैन । त्यसका लागि संविधान संशोधन गर्नुपर्छ भनिएको हो ।

संविधान संशोधन गर्ने विषय कुनै एउटा पार्टीको मुद्दा होइन । सबै पार्टीका आ-आफ्नै आँकडा छन् । संविधान संशोधनको विधि भनेको संसदीय विधि हो । संसदीय विधिमा संख्या चाहिन्छ । त्यो संख्या भनेको दुईतिहाइ हो । अहिले दुई ठूला पार्टी मिलेर सरकार बनेको छ । त्यसैले संविधान संशोधन हुने सम्भावना देखिएको छ । सरकार गठनकै क्रममा संविधान संशोधन गर्ने भन्नु पनि सकारात्मक पक्ष हो । सरकारको जग बनेकै संविधान संशोधन हो । संविधान संशोधनको विषयलाई अगाडि बढाउँछ भन्नेमा सरकारप्रति विश्वास छ । सबैभन्दा ठूलो पार्टी नेपाली कांग्रेसले संविधान संशोधनबारे आफ्नो पार्टीमा छलफल सुरु गरेको छ । संविधान संशोधन भएसँगै राजनीतिक मुद्दा समाप्त हुन्छ । त्यसपछि देश आर्थिक विकासको बाटोमा अगाडि बढ्न सक्छ ।

जनसंख्याको आधारमा राज्यका सबै संरचनामा सहभागिताको सवाल संविधानमै उल्लेख गरिनुपर्छ भन्ने हाम्रो भनाइ हो । ५० हजार र पाँच लाख जनसंख्या भएको जिल्ला वा निर्वाचन क्षेत्रबाट संसद्मा समान प्रतिनिधित्व हुनुहुँदैन । त्यो न्यायोचित छैन । अर्को, भौगोलिक संरचनाको आधारमा मधेसीलाई दुईवटा प्रदेशमा विभाजन गर्नुपर्ने कुरा पनि छ । मधेस प्रदेशको सिमानाको बारेमा हाम्रो अहिले पनि फरक मत छ । समानुपातिक समावेशी संविधानमा लेखिए पनि त्यसका लागि आधार तय गरिएको छैन । उदाहरणका लागि कोट सिलाउन सैद्धान्तिक सहमति भयो, तर कपडा काट्ने क्रममा भोटोको काटियो । अब कसरी कोट बन्छ ?

*(श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री भण्डारीसँग राससले गरेको कुराकानीमा आधारित)*

## श्रम सरोकार

### नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरु

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

# कृषि र सामाजिक अभियानमा उदाहरणीय बोत्तल हाउस



■ पदम श्रेष्ठ

एउटा निश्चित घेरामा रही असल कर्म गर्दै जाने हो भने जीवनमा नाम र दाम कमाउन कसैले रोक्न सक्दैन भन्ने उदाहरण बनेको छ दक्षिणकाली नगरपालिकास्थित बोत्तल हाउस कृषि फार्म । कृषि नै देश उत्थानको मियो हो र कृषिलाई देशव्यापी प्रवर्द्धनको लक्ष्य बनाउनुपर्छ भन्ने एकमात्र लक्ष्यका साथ २०६३ सालमा शिखरपुर सामुदायिक अध्ययन केन्द्रको नाममा स्थापना भएको हो ।

आवासीय कृषि विद्यार्थीका रूपमा देशका विभिन्न क्षेत्रबाट आएका आठ जना विद्यार्थीहरूमध्ये एक सुशन कार्की भन्छन्- यस अभियानका प्रमुख निरोज श्रेष्ठले भाडाको जग्गामा कृषिलाई आधुनिकीकरण गर्दै लैजान तालिमको थालनी गर्नुभएको हो । नाम शिखरपुर कृषि अध्ययन केन्द्र भए पनि यो फार्म स्थानीयमा बोत्तल हाउसको नामले परिचित रहेको छ ।

यसको प्रमुख कारण पुनः प्रयोग नहुने अल्कोहल वा अन्य ब्राण्डका खाली बोत्तलहरू जडित भित्ताले बनेका घरहरू हुन् । यी बोत्तलबाट बनेका घरहरूले नै यस अभियानको नाम बोत्तल हाउस बनाइदिएका हुन् । लग्जमवर्गबाट आएका स्वयंसेवकहरूको सहभागितामा कृषि अभियन्ता श्रेष्ठको अवधारणामा बोत्तल हाउस बनेको हो । स्थानीय कृषकहरूका अनुसार लिजमा लिएको जग्गामा कृषि तालिम, सल्लाह सुझावका साथ साथै स्थानीय किसानहरूलाई कामसमेत उपलब्ध गराएको छ बोत्तल हाउसले । सुरुमा ४० रोपनी लिजको जग्गामा थालिएको बोत्तल हाउस कृषि अभियान विशुद्ध तालिम दिने र नमूना कृषिको अवधारणाका लागि स्थापना भएको हो ।

बोत्तल हाउसले बेमौसमी तरकारी उत्पादन गर्छ, गराउँछ । गडचौंला मल उत्पादन र तालिम दिन्छ । पढेर कृषि तालिम लिन चाहनेका लागि न्यूनतम शुल्क लिइन्छ । आर्थिकरूपले विपन्नका लागि भने खाना, बस्न र शिखरपुर विद्यालयमा निःशुल्क पढ्ने व्यवस्थासमेत मिलाइएको छ ।

> बोत्तल हाउसले बेमौसमी तरकारी उत्पादन गर्छ, गराउँछ । गड्यौंला मल उत्पादन र तालिम दिन्छ । पढेर कृषि तालिम लिन चाहनेका लागि न्यूनतम शुल्क लिइन्छ । आर्थिकरूपले विपन्नका लागि भने खाना, बस्न र शिखरपुर विद्यालयमा निःशुल्क पढ्ने व्यवस्थासमेत मिलाइएको छ ।

सामाजिक विषय पढाउने विद्यालयका विद्यार्थीलाई तालिम र अनुसन्धानको व्यवस्था गरिएको छ । १४ वटा गाई पालेर दुई जना कर्मचारीसहित उन्नत जातको गाई पालनको प्रबन्ध मिलाएको छ । कृषि रोग र भिटामिन आदिबारे जनचेतनात्मक अभियान बोत्तल हाउसबाट भइरहेको छ । उत्पादित कृषि फसललाई बजारीकरणसमेत यहाँबाट गरिँदै आएको छ ।

फर्पिङ र दक्षिणकाली बीच इखापोखरी टोलमा अवस्थित छ बोत्तल हाउस अर्थात् शिखरपुर सामुदायिक अध्ययन केन्द्र । चिप्लो बोत्तलको भित्तालाई ०७२ सालको भुइँचालोले पनि केही गरेन । यसको कारणबारे बुझ्दा अभियन्ता श्रेष्ठ भन्छन्- गज्जबको आइडिया लागाइएको छ बोत्तल हाउस बनाउन । काँचो माटो मात्रमा चिप्लो बोत्तल जडिएको भए जोड्न नै कथिन हुने थियो तर हामीले हाम्रा प्राचीन पुर्खाले सिंहदरबार, पाटन कृष्ण मन्दिर बनाउँदा प्रयोग गरिएजस्तै काँचमा मानिसको कपालको टुक्रा र परालको भुस मिसाइएको छ । जसको कारण बोत्तल गज्जबसँग जडिएको छ भने पर्खाल लगाउँदा एकैपल्ट नलगाई एक हरफ सुकेपछि भोलिपल्ट अर्को हरफ थप्दै भित्तालाई उकास्दै लगिएको हो । जसको कारण ७२ सालको भुइँचालोमा पनि केही हुन पाएन । यो पनि कृषकले घर गोठ आदि बनाउँदा प्रयोग गर्न सकिने नयाँ प्रविधि बनेको छ ।

बोत्तल हाउसमा रामेछाप, चितवन र काठमाडौंको थेम्स कलेज, बागेश्वरीलगायतका सामाजिक विषय पढ्ने विद्यार्थीहरू तालिम र अनुसन्धान गर्न आउने गरेका छन् । बेलाबेलामा कृषि भ्रमण गर्न आउने गरेको पाइन्छ ।

कृषि अध्ययन तालिमका लागि आउने र स्थानीयका लागि नगरपालिकासँग मिलेर निःशुल्क कम्प्युटर तालिम, विद्युत् वायरिङ, महिलाहरूलाई प्याडलगायत सामग्री बनाउने तालिम दिने कामसमेत बोत्तल हाउसले गर्दै आइरहेको छ ।

समष्टीगतरूपमा भन्नु पर्दा बोत्तल हाउस निर्माणको अवधारणाले सित्तैंमा फालिने पुनः प्रयोग नहुने बोत्तलहरूको सदुपयोगबाट घर बनाउन प्रयोग हुने इँटाको विकल्प प्रदान गरेको छ । इँटा बनाउन खर्च हुने समय, पैसा र वातावरणकोसमेत बचावट हुन सक्यो । पढ्नबाट वञ्चित र पढ्न चाहेर पनि पढ्न नपाएका किशोर तथा युवाहरूलाई कृषि तथा अन्य तालिमसहितको काम, खाने, बस्ने र पढ्नेसमेत व्यवस्था गरिँदा समाज ब्यवस्थापनमा टेवा पुऱ्याएको स्थानीयमासमेत सकारात्मक अवधारणाको विकास हुन पुगेको बताइन्छ ।

सुरुसुरुमा बोत्तल हाउसको अवधारणा ल्याएर काम थाल्दा निरोज बहुलाएछसम्म भने छन् । पछि परियोजनाले नगरपालिकासँग मिलेर कृषिका साथै निःशुल्क कम्प्युटर, ब्युटिपार्लर, महिला उद्यमशीलता, खुला शिक्षा र प्रांगारिक मल उत्पादन, ई-लाइब्रेरीसम्मको तालिम सफलतापूर्वक थालेपछि २८ जनादेखि १५० जनासम्मलाई काम दिन सक्ने भएको परियोजना प्रमुख श्रेष्ठ बताउँछन् । १४ वर्ष सुरु भएको यस अभियानले वातावरण संरक्षणको अवधारणामा उत्कृष्ट कार्यक्रम चलाएकोले छ वर्ष अगाडि शिखरपुर सामुदायिक अध्ययन केन्द्रलाई जापानले २४ वटा देशमध्ये उत्कृष्ट छनोट गर्दै ग्लोबल अवार्डबाट समेत सम्मान गरिएको थियो । यही सम्मानपछि अभियानले फाखेलमा आफ्नै जग्गामा दिगो जलवायु ज्ञान केन्द्र सञ्चालनमा ल्याएको छ ।



**देवघाटमा भक्तजन** | चितवन, नवलपुर र तनहुँको सिमानामा पर्ने पवित्र तीर्थस्थल देवघाट धाममा बिहीबार साउने संक्रान्तिका अवसरमा आएका भक्तजन । *तस्बिर: सनद अधिकारी/रासस*

# बिपी राजमार्ग साउनभर राति १२ घण्टा बन्द

## साँझ ५ बजेदेखि बिहान ५ बजेसम्म सवारी चलाउन नपाइने

■ **प्रभाव संवाददाता**

**काभ्रेपलाञ्चोक–** बिपी राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोक-खण्डमा बिहीबारदेखि एक महिनासम्म राति १२ घण्टा यातायात सञ्चालनमा रोक लगाइएको छ । जिल्ला प्रशासन कार्यालय काभ्रेले उक्त राजमार्गअन्तर्गत जिल्लाको काभ्रेभञ्ज्याङदेखि सिन्धुली सीमा नेपालथोकसम्म एक महिनाका लागि रोक लगाइएको जानकारी दिएको छ ।

कार्यालयले सार्वजनिक अपिल गर्दै मनसुन सक्रिय रहेको अवस्थामा बिपी राजमार्गमा बाढीपहिरोको सम्भावित जोखिम रहेकाले विपद्‌जन्य घटना हुनसक्ने भएकाले जोखिम न्यूनीकरणका लागि राजमार्गको उल्लिखित क्षेत्रमा बिहीबारदेखि साँझ ५ बजेदेखि बिहान ५ बजेसम्म एक महिनाका लागि यातायात सञ्चालनमा रोक लगाएको जनाएको हो । काठमाडौंबाट जाने सवारीलाई जिल्लाको काभ्रेभञ्ज्याङ र काठमाडौंतर्फ आउने सवारीलाई सिन्धुलीको सिमाना नेपालथोकमै रोकिने प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले बताए ।

उनका अनुसार मनसुनजन्य विपद्‌बाट हुनसक्ने जोखिमलाई मध्यनजर गर्दै यसअघि काभ्रेपलाञ्चोक, सिन्धुली र रामेछाप जिल्लाको सुरक्षा समितिका पदाधिकारीको अन्तरजिल्ला समन्वय समितिको बैठकले गत असार ७ गतेदेखि बिपी राजमार्गमा साँझ ६:३० बजेदेखि बिहान ५ बजेसम्म करिब १० घण्टा १५ दिन तथा थप असार मसान्तसम्म सोही समयमा सडक सञ्चालनमा रोक लगाइएको थियो । यस अवधिमा काठमाडौंबाट जाने सवारीलाई काभ्रेको काभ्रेभञ्ज्याङ र काठमाडौंतर्फ आउने सवारीलाई सिन्धुलीको खुर्कोटमा रोकिएको थियो ।

बितेका एक हप्ताको समयमा बाढीपहिरोले करिब चारपटक उक्त राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोक-खण्डमा सडक अवरुद्ध भइसकेको छ । गत वर्ष असोजको बाढीपहिरोले बिपी राजमार्गअन्तर्गत काभ्रेको चौकीडाँडादेखि सिन्धुलीको वर्षेखोलासम्मको आठ किलोमिटर सडकखण्डमा सडक नै बगाएका कारण खोलामा कतै एकतर्फ, कतै दुईतर्फी यातायात सञ्चालन हुनेगरी अस्थायी सडक सञ्चालनमा ल्याइएको छ ।

बाढीपहिरोले राजमार्गको कूल १६० किलोमिटरमध्ये तेस्रो खण्डअन्तर्गत सिन्धुलीको खुर्कोटदेखि नेपालथोकसम्म ३४ किलोमिटर र चौथोखण्ड नेपालथोकदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्म ५० किलोमिटर गरी ८४ किलोमिटर सडकको विभिन्न स्थानमा बढी क्षति पुर्‍याएको थियो । कार्यालयले क्षतिग्रस्त राजमार्ग स्थायी निर्माणका लागि चार खण्डमा ठेक्काको प्रक्रियामासमेत अघि बढाइरहेको छ । पूर्वीनेपाल जोड्ने छोटो दूरीका रूपमा रहेको उक्त राजमार्गबाट दैनिक हजारौं यातायातका साधन आवतजावत हुने गर्छ ।

# डोलेश्वरमा श्रावणी मेलाको रौनक

**भक्तपुर–** सूर्यविनायक नगरपालिका-८ सिपाडोलस्थित डोलेश्वर महादेव मन्दिरमा बिहीबारदेखि ३८ दिने श्रावणी मेला सुरु भएको छ । बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले ३८ दिन लामो श्रावणी मेलाको शुभारम्भ गरेका हुन् ।



पानीले भरिएको तामाको गाग्री बोकेर चन्द्रविनायक मन्दिर पौखेलमा हातहातमा कलश बोकेका लामबद्ध महिलासँगै धार्मिक र्‍यालीसहित डोलेश्वर मन्दिरमा जलार्पण गरेर मेलाको शुभारम्भ गरिएको हो । मन्त्री थापाले डोलेश्वर महादेव विश्वभर चर्चामा रहेको जनाउँदै नेपालीमात्रै नभई भारतीय पर्यटकको आगमन अत्यधिक बढेको बताए । धार्मिक पर्यटनको विकासमा मेलाले थप टेवा पुग्ने उनले बताए ।

मेलामा बिहानैदेखि दर्शनार्थीको भीड लागेको केदारनाथको शिर डोलेश्वर महादेव मन्दिर संरक्षण तथा विकास समितिका अध्यक्ष धर्मराज बस्नेतले जानकारी दिए । डोलेश्वरमा ३८ दिनसम्म चल्ने मेला अवधिभर करिब तीन लाख स्वदेशी तथा भारतीय पर्यटकको आगमन हुने अपेक्षा गरिएको उनले बताए ।

उनले श्रावणी मेलामा शनिबार र सोमबार हजारौंको भीड लाग्ने र अन्य दिन दैनिक एक हजार नेपाली तथा भारतीय दर्शनार्थी एवं पर्यटकको आगमन हुने बताए । मेलाबाट करिब एक करोड ५० लाख रूपैयाँ भेटी तथा दान संकलन हुने अपेक्षा गरिएको उनले बताए । २०६६ भदौ ६ गते डोलेश्वर मन्दिरलाई केदारनाथको शिर घोषणा गरेको दिनको अवसरमा भदौ ६ गते मन्दिरको चारवटै ढोका खुला गरी मन्दिरभित्रै प्रवेश गरी आफैंले पूजा गर्ने व्यवस्था गरिएको उनले बताए ।

डोलेश्वर महादेव मन्दिर संरक्षण तथा विकास समितिका महासचिव हरिशरण बस्नेतले मेलालाई थप प्रभावकारी बनाउन प्रत्येक सोमबार र शनिबार विशिष्ट धार्मिक गुरुहरूबाट धार्मिक प्रवचन तथा भजनकीर्तन गरिने बताए । मेला अवधिमा करिब ६० जना स्वयंसेवक परिचालन गरिएको र मेलामा स्वास्थ्य शिविरकोसमेत आयोजना गरिएको बताए ।

कार्यक्रममा नगरपालिकाकी उपप्रमुख सरिता भट्टराई तिमिल्सिनाले सूर्यविनायकलाई धार्मिक पर्यटकीय क्षेत्रको रूपमा विकास गरिएको बताइन् । सूर्यविनायक नगरपालिका-८ का वडाअध्यक्ष पुष्पराज बस्नेतले मेलालाई व्यवस्थित र सुरक्षित बनाउन सिसिटिभी जडान गरिएको, सुरक्षाकर्मी परिचालन गरिएको बताए । *रासस*

# माझीको भाषा, संस्कार र संस्कृति जोगाउन प्रशिक्षण

**मन्थली (रामेछाप)–** रामेछापका माझी समुदायका युवाले आफ्नो समुदायको भाषा, संस्कार र संस्कृति जोगाउने अभियान सञ्चालन गरिरहेका छन् ।

यसका लागि युवा पुस्ताले बूढापाकासँग सिकेर भाषा र संस्कारका विषयमा अन्तरपुस्ता हस्तान्तरणका लागि विभिन्न कार्यक्रम गर्दै आएका छन् । आफ्नो भाषा र संस्कृति हराउँदै गएको भन्दै युवाहरूले माझीहरूको सामाजिक विषयवस्तुमा छलफल गर्न सामाजिक छलफल मञ्च (मजे सावा) नाम संगठन बनाएर काम गरिरहेका छन् । संगठनले जिल्लाका माझी समुदायका विभिन्न १० स्थानमा केही दिनअघि आयोजना गरेको बालबालिका तथा किशोरकिशोरीका लागि भाषा तथा संस्कृति प्रशिक्षण कार्यक्रममा बुधबार सम्पन्न भएको छ ।



मन्थली नगरपालिका-८ गाइखुराका बालकृष्ण माझीले भाषा र संस्कृति जोगिएमात्र माझीहरूको पहिचान जोगिने भन्दै टोलटोलमा यस्तो प्रशिक्षण कार्यक्रम गरिएको बताए । मन्थलीस्थित गाइखुरा, जखनिटार, हाटेचउर, कुनाउरी, रुमालेचोक, हात्तीटार, सेलेघाट भटौली र खाँडादेवी गाउँपालिकाको रजगाउँ गरी माझी समुदाय रहेको विभिन्न १० स्थानमा माझी समुदायका बालबालिका र किशोरकिशोरीलाई प्रशिक्षण दिइएको उनले बताए ।

पछिल्लो पुस्ताले भाषा, धर्म, संस्कृति, संस्कार नबिर्सिऊन् भनेर जिल्लाका ती स्थानमा कार्यक्रम सञ्चालन गरिएको मजे सावाका संयोजक श्रीबहादुर माझीले बताए । माछा मार्नु, विभिन्न घाट तथा नदीमा डुंगा चलाउनु माझी समुदायको पुर्ख्यौली पेसा हो । पछिल्लो समय नदी तथा खोलामा विषादी हालेर माछा मार्ने क्रम बढेको र अधिकांश ठाउँमा मोटरेबल तथा झोलुंगे पुल बनेका कारण आफ्नो पुर्ख्यौली पेसा संकटमा परेको यस समुदायका अगुवाहरूको भनाइ छ ।

भाषा र संस्कृति जोगाउने कामका लागि प्रशिक्षण गर्न आदिवासी हिमाली समाजले आर्थिक सहयोग गरेको थियो । यसरी युवाले चासो राखेमा माझी समुदायको भाषा र संस्कृति जोगाउन सहज हुने स्थानीय जंगवीर माझी बताउँछन् । *रासस*

# पर्यटक तान्दै कैलालीको आमपानी झरना

**घोडाघोडी (कैलाली)–** लम्की बजारदेखि करिब सात किलोमिटर उत्तर चुरे पहाडको फेदीमा छ आमपानी झरना । उक्त झरना पछिल्लो समय आन्तरिक पर्यटकको आकर्षक गन्तव्य बन्दै गएको छ । मोहन्याल गाउँपालिका-७ मा पर्ने बर्गदा सामुदायिक वनभित्रको यो झरना व्यवस्थितरूपमा निर्माण भई सञ्चालनमा आएपछि पर्यटकको रोजाइमा पर्न थालेको हो ।

आमपानी क्षेत्र यसअघि पनि गर्मी छल्न स्थानीय र वरपरका जिल्लाका बासिन्दाका लागि रमणीयस्थलका रूपमा परिचित थियो । कोरोनाको समयमा यो क्षेत्र अझ बढी चर्चामा आएको थियो । कोरोना महामारीको समयमा आवतजावत सीमित हुँदा पनि यहाँ आन्तरिक पर्यटकको चाप बाक्लो देखिन्थ्यो । बर्गदा सामुदायिक वनका कार्यालय सचिव ध्वजबहादुर शाही भन्छन्, 'यो ठाउँ पहिले पनि प्रकृतिप्रेमीका लागि लोकप्रिय थियो, झरना निर्माणपछि भने आन्तरिक पर्यटकको संख्या झनै बढेको छ ।'

सुदूरपश्चिम प्रदेश सरकारको पर्यटन प्रवर्द्धन कार्यक्रमअन्तर्गत झरनाको पूर्वाधार निर्माणका लागि ४० लाख रूपैयाँ बजेट विनियोजन गरिएको थियो । राजमार्गदेखि नजिकै शान्त वातावरणमा रहेकाले पनि क्षेत्रको दिगो व्यवस्थापन गरी पर्यापर्यटन विकास गर्ने उद्देश्यले झरना निर्माण गरिएको प्रदेश पर्यटन कार्यक्रम कार्यान्वयन एकाइ प्रमुख डबलबहादुर बोहोराले बताए ।



झरना निर्माण हुनुभन्दा पहिले पनि यहाँ शौचालय र पिकनिकस्थल बनाइएको उनले जानकारी दिए । 'पहिले पनि यहाँको विकास लागि हामी थोरै भए पनि लगानी गरहेका थियौं, हाल ४० लाख रूपैयाँ खर्चेर झरनाको व्यवस्थापन गरेका छौं । अब यसको विकासले सामुदायिक वनलाई विश्वास छ । अब यसको संरक्षण र सदुपयोग गर्न जरुरी छ,' एकाइ प्रमुख बोहोराले भने ।

सामुदायिक वनमा रहेको खोलामा झरना निर्माण कार्यका लागि सामुदायिक वनकै अध्यक्ष केशबहादुर रावलको अध्यक्षतामा निर्माण समिति बनाइएको थियो । झरना क्षेत्रमा नुहाउन र पिकनिक गर्न मिल्ने पूर्वाधार विकासका साथै खोलाको व्यवस्थापन गरी झरनामा निरन्तर पानी आपूर्ति हुने व्यवस्था मिलाइएको छ । झरनाको पानी सञ्चित गर्न टच्यांकी, नुहाउने ठाउँ, फोहोरा, कपडा फेर्ने कोठा, शौचालय र पदमार्ग बनाइएको एकाइ प्रमुख बोहराले जानकारी दिए । झरनाको हेरचाह, सुरक्षा र व्यवस्थापन सामुदायिक वनले गर्दै आएको छ ।

सामुदायिक वनका सचिव शाहीका अनुसार हाल झरना क्षेत्रमा शनिबार र सार्वजनिक बिदामा ५०० भन्दा बढी आन्तरिक पर्यटक पुग्ने गरेका छन् । अन्य दिनमा दैनिक १०० भन्दा बढी पर्यटक पुग्ने गरेका छन् । कैलाली, बर्दिया, सुर्खेतलगायत छिमेकी भारतसम्मका पर्यटकहरू पनि यहाँ पुग्ने गरेको शाहीले बताए ।

झरना निर्माणपछि पर्यटकहरूको संख्या बढे पनि समस्या पनि बढेको उनको भनाइ छ । 'आमपानी क्षेत्रमा पहिलेदेखि नै सरसफाइको समस्या थियो । झरना निर्माणपछि पर्यटक बढिरहेका छन् । कतिपय पर्यटकले सिसाको बोतल, प्लास्टिकका बोतललगायत फोहोर जताततै फालिदिने गरेकाले थप समस्या भएको छ । फोहोर फाल्नका लागि बनाइएका डस्टबिन पनि राखेका थियौं, तिनको प्रयोगमा पनि बेवास्ता भइरहेको छ,' सचिव शाहीले गुनासो गरे ।

अब सामुदायिक वनले सो क्षेत्रलाई व्यवस्थित गर्ने र फोहोर व्यवस्थापनका लागि टिकट प्रणाली लागू गरिने जनाइएको छ । 'चाँडै नै गाउँपालिकालगायत सरोकार भएकाहरूसँग छलफल गरी न्यूनतम शुल्कमा टिकटको व्यवस्था गर्नेछौं । यसले आम्दानीका साथै पर्यटकको सुरक्षा र जवाफदेहिताका लागि पनि सहयोग पुग्ने छ,' सचिव शाहीले भने ।

झरना सञ्चालनबाट उठेको आम्दानी सामुदायिक वनको कोषमा जाने हुँदा त्यसले वन संरक्षण, नयाँ पूर्वाधार निर्माण र स्थानीय रोजगारी सिर्जनामा योगदान पुर्‍याउने अपेक्षा गरिएको छ । छोटो घुमघाम गन्तव्य खोज्नेहरूका लागि आमपानी झरना नयाँ आशा बनेको स्थानीयको भनाइ छ । *रासस*


**साउदीमा रोजगार** कम्पनी : SAMAYA GROUP COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८२/०१/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/01 | LT. No. 322354 | चलानी नं. ६०२३६५३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LAODING & UNLOADING WORKER | 87 | 0 | 1000 | ३६,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ९ गते (25th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७

**कतारमा रोजगार** कम्पनी : MADINA GROUP WLL

पूर्व स्वीकृति मिति : २०८१/०९/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/30 | LT. No. 316679 | चलानी नं. ६०२३०९४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer / Helpers | 5 | 0 | 1000 | ३७,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Petrochemicals | 2 | 0 | 1000 | ३७,८०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: Seagull International Technical Training Center, ज्योतिनगर रोड प्रगति टोल, बुढानिलकण्ठ-१०, कपन, काठमाडौंमा मिति: २०८२ साउन १० गते (26th July 2025) मा हुनेछ ।
BTCC International Scaffolding Services Pvt.Ltd. इटहरी-६, धरान रोड, त्रिभेनी मार्गमा मिति: २०८२ साउन १२ गते (28th July 2025) मा हुनेछ ।
सम्पर्क: ९८०२१०१९८/ ९८१८६४६५६७

कम्पनी : CLICK N BUY TRADING W.L.L

पूर्व स्वीकृति मिति : २०८२/०३/३२ | LT. No. 327240 | चलानी नं. ६०२४१०८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Customer care representative | 2 | 0 | 2200 | ८३,१६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Data Entry | 1 | 0 | 2500 | ९४,५०२ | | | | | | | |
| 3 | Store Worker | 2 | 0 | 1900 | ७१,८२२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ९ गते (25th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 407/060/61
Seagull International Global H.R. Consultants Pvt. Ltd.
Sukedhara, Kathmandu, Nepal, Tel: 01-4375822/4375824, Mob: 9808818851, 9816060051, 9851015421, 9746458492, 9841781155, E-mail : cm.seagull55@gmail.com, Web: www.seagullnepal.com.np

**साउदीमा रोजगार** कम्पनी : SALMAN ABDULLAH AL-GHAMMAS EST

पूर्व स्वीकृति मिति : २०८२/04/01 | LT. No. 327249 | चलानी नं.६०२४११०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 2 | 0 | 1000 | ३६,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : REEM SAUD AI-SHARARI EST

पूर्व स्वीकृति मिति : २०८२/04/01 | LT. No. 327201 | चलानी नं.६०२४१११०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 3 | 0 | 1200 | ४३,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHABAKAT AI SAYAD SEAFOOD RESTAURANT EST. SAUDI ARABIA

पूर्व स्वीकृति मिति : २०८२/04/01 | LT. No. 327251 | चलानी नं.६०२४११०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३६,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AI KHADER CAFE ESTABLISHMENT FOR SERVING BEVERAGES

पूर्व स्वीकृति मिति : २०८२/04/01 | LT. No. 327250 | चलानी नं.६०२४११०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista (Coffee maker) | 4 | 0 | 1200 | ४३,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AISHA MOHAMMED AI-SHARARI SERVING BEVERAGES EST.

पूर्व स्वीकृति मिति : २०८२/04/01 | LT. No. 327200 | चलानी नं.६०२४११०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 2 | 0 | 1200 | ४३,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ९ गते (25th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKY BLUE H.R. SOLUTION PVT.LTD
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, 9802358961/65,
Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com

# प्रभाव दैनिक

रूपशाला

शुक्रबार, ०२ साउन, २०८२ (Friday, July 18, 2025)


### 'प्रिटी लिटिल बेबी' की गायिकाको निधन

अमेरिकी पप संगीतकी चर्चित गायिका कोनी फ्रान्सिसको ८७ वर्षको उमेरमा निधन भएको छ। सन् १९६० को दशकमा लोकप्रिय बनेकी फ्रान्सिस 'प्रिटी लिटिल बेबी' गीतका लागि हाल पुनः चर्चामा थिइन्। उनको निधनको पुष्टि उनका कपीराइट म्यानेजर तथा मित्र रोन रोबट्‌र्सले गरेका हुन्। कोनी फ्रान्सिसको आधिकारिक फेसबुक पेजमा पोस्ट गर्दै रोबट्‌र्सले लेखे, 'म भारी मनले र अत्यन्त दुखका साथ मेरो प्रिय मित्र कोनी फ्रान्सिसको निधन भएको जानकारी गराउँदैछु।'



# किरण मानन्धरको विशेष चित्रकला प्रदर्शनी सुरु

■ प्रभाव संवाददाता

**काठमाडौं–** ठमेलस्थित म्युजियम अफ नेपाली आर्टमा किरण मानन्धरको विशेष चित्रकला प्रदर्शनी सुरु भएको छ। आगामी सेप्टेम्बरसम्म सञ्चालन हुने प्रदर्शनीमा प्रत्येक दिन बिहान १० बजेदखि साँझ ६ बजेसम्म अवलोकन गर्न पाइनेछ।

प्रदर्शनीको उद्‌घाटनमा एक सयभन्दा बढी कलाप्रेमीहरूको उपस्थिति थियो। चित्रकला अवलोकनपछि प्राडा अभि सुवेदीले आफूले कैयौं पटक मानन्धरका चित्रकलाबारे समीक्षा लेखेको उल्लेख गर्दै किरण मानन्धरका चित्रकलामा आफूले लचकता पाउने गरेको बताए।

'किरण मानन्धरका चित्रकलामा 'ब्रस स्ट्रोक' निकै कलात्मक देखिन्छन्, रङ्गको मिश्रण बजोड हुन्छ, चित्र हेर्दा सुमधुर सङ्गीत झैँ लाग्छ', उनले भने,



'मैले उहाँका कैयौं चित्रकला हेरेको छु, उहाँ नेपालको सम्भवतः सबैभन्दा बढी चित्र कोर्ने कलाकारमा पर्नुहुन्छ, उहाँका सृजनामा प्रत्येक पटक नयाँपन भेट्छु, आज पनि नयाँपन पाएँ।'

एनसेल फाण्डेसनको सहकार्यमा सुरु प्रदर्शनीमा कलाकार किरण मानन्धरले अवलोकनकर्तासँग साक्षात्कार गर्दै अनुभव सुनाए। उनले यसप्रकारका प्रदर्शनीले नेपाली कला र संस्कृतिको प्रवर्द्धन र विकासमा महत्वपूर्ण भूमिका खेल्ने धारणा राखे। विशेष गरी नयाँ पुस्तामा ज्ञान, सीप र कला हस्तान्तरणमा यसले भूमिका खेल्ने उनको भनाइ थियो।

'मैले यसप्रकारका प्रदर्शनी कैयौं पटक आयोजना गरेको छु, यसबाट दर्शकहरूसँग साक्षात्कार गर्ने अवसर प्राप्त हुनुका साथै कला र संस्कृतिबारे ज्ञान साट्ने अवसर प्राप्त हुन्छ', उनले भने।

प्रदर्शनीमा मानन्धरले विभिन्न कालखण्डमा कोर्नुभएका चित्रकला अवलोकन गर्न पाइने आयोजक म्यूजियम अफ नेपाली आर्टका प्रमुख क्युरेटर राजन शाक्यका बताउनुभयो। नेपाली कला र संस्कृति, परम्परा, धर्म, महिला तथा प्रकृतिसँग सम्बन्धित विभिन्न चित्रकला प्रदर्शनीमा राखिएका छन्। अवालोकनकर्ताले प्रदर्शनी अवलोकनका साथै चित्रकला खरिद समेत गर्न सक्नेछन्। त्यस अवसरमा चित्रकलाहरूको संगालो भएको पुस्तक पनि सार्वजनिक गरिएको थियो।

# 'तक्मेबुढा'को डेब्यू निर्देशनमा 'मैझारो'को शुभमुहुर्त



■ प्रभाव संवाददाता

**इलाम –** नेपालको पूर्वी पहाडी जिल्ला इलाममा नेपाली फिल्म 'मैझारो'को छायांकन साउन १ गतेदेखि औपचारिक रूपमा सुरु गरिएको छ। अभिनेता विल्सन विक्रम राई, जो 'तक्मेबुढा' नामबाट चर्चित छन्, निर्देशनमा डेब्यु गर्दै उक्त फिल्म निर्माण सुरु गरिएको हो।

'मैझारो' फिल्मको छायांकन इलाम र पाँचथर जिल्लाका विभिन्न स्थानहरूमा हुने बताइएको छ। फिल्ममा पूर्वी पहाडको जीवनशैली, संस्कृति र सामाजिक यथार्थलाई आधार बनाइएको निर्देशक राईले जानकारी दिए। फिल्मको कथा, पटकथा र निर्देशन राई स्वयंले गरेका हुन्।

फिल्ममा धिरज मगर, मिरुना मगर, दिया पुन, सुनिल थापा, कविता आले, पुस्कर गुरुङ, अभयराज बराल, उदय सुब्बा, बुद्धि तामाङ, रजनी गुरुङ, विशाल लिम्बू र सुभाष सिंह ठकुरी लगायत कलाकारहरूको अभिनय रहनेछ।

संगीत अनमोल गुरुङ र तोरेम्पा हाङ राईले संयोजन गर्ने फिल्ममा स्वर गायक राजेश पायल राई, अस्मिता अधिकारी, झुमा लिम्बू, अनमोल गुरुङलगायतले दिनेछन्। छायांकनको जिम्मा सौरभ लामाले सम्हालेका छन्।

'तक्मे प्रोडक्सन'को ब्यानरमा निर्माण हुन लागेको यो पहिलो फिचर फिल्म हो। यसअघिसम्म कम्पनीले हास्य तथा सांगीतिक सामग्री मात्रै निर्माण गर्दै आएको थियो। 'मैझारो'मार्फत कम्पनीले फिचर फिल्मतर्फ पाइला चालेको हो।

# सिटामोलको 'मुटुभित्र खिल छ हजुर' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं –** आगामी साउन २३ गतेबाट प्रदर्शनमा आउने फिल्म 'सिटामोल'को दोस्रो गीत 'मुटुभित्र खिल छ हजुर' सार्वजनिक गरिएको छ।सार्वजनिक गीतमा फिल्मका मुख्य कलाकार सौगात मल्ल, बेनिशा हमाल, श्रीकृष्ण निरौला, जानुका विश्वकर्मासहित संगीतकार बाबुल गिरी पनि भिडियोमा देखिएका छन्।

संगीतकार बाबुल गिरीको संगीत तथा स्वर रहेको गीतको शब्द गोविन्द भट्टको छ। गीतले दर्शकमाझ फिल्मको हाइप उच्च बनाउने विश्वास निर्माण टिमको छ।

राज बहादुर साने निर्देशित फिल्ममा सौगात र बेनिशासहित श्री कृष्ण निरौला, जानुका विश्वकर्मा, लोकेन्द्र लेखक, भूगोल कार्की, हिउँवाला गौतम, सुशील पोखरेल, दिनेश रेग्मी, आरआर खड्का, ज्ञानु मल्ल, पवन भट्टराई, काजल भुजेल र बाल कलाकार करण नेपाली, आराध्या राज्यलक्ष्मी डिसीको अभिनय छ। श्री कृष्ण र जानुकाले यही फिल्मबाट नेपाली रजतपटमा डेब्यु गरेका हुन्।

तुल्सी देवी फिल्म प्रालीले जुनतारा फिल्मस्को सहकार्यमा निर्माण भएको फिल्मको कथा प्रदीप भारद्वाज र निर्देशक सानेले लेखेका हुन्। सिमोस सुनुवारको प्रस्तुती रहेको फिल्ममा भूगोल कुमार कार्की र विकाश राज जोशी निर्माता तथा अप्सरा नेपाली, अजय मल्ल र कुमार केसी कार्यकारी निर्माता अनि गंगाराम श्रेष्ठ सह-निर्मातामा रहेका छन्।

बाबुल गिरीको संगीत, कविराज गहतराजको कोरियोग्राफी, बन्दे प्रसादको सम्पादन, देव महर्जन र शंकर महर्जनको द्वन्द्व रहेको फिल्म दिव्य सुवेदीले खिचेका हुन्।



**साफ यु-२० महिला च्याम्पियनसिप**

# श्रीलंकाविरूद्ध नेपाल विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) महिला यु-२० च्याम्पियनसिपमा नेपाल श्रीलङ्काविरुद्धको खेलमा विजयी भएको छ। बङ्गलादेशको ढाकास्थित बसुन्धरा किङ्स इरिनाको अभ्यास मैदानमा बिहीबार भएको खेलमा नेपालले श्रीलङ्कालाई ७-० गोलअन्तरले पराजित गरेको हो। यसअघि पनि पहिलो खेलमा नेपालले श्रीलङ्कालाई समान ७-० गोल अन्तरले नै हराएको थियो। योसँगै नेपालले चार खेलबाट ९ अङ्क जोडेको छ। चार खेल खेलेको श्रीलङ्का भने अङ्कविहीन छ।

श्रीलङ्काविरुद्धको खेलमा आज पहिलो हाफमा चार गोल गरेको नेपालले दोस्रो हाफमा तीन गोल थप्यो। नेपालका लागि कुसुम खतिवडा र समीक्षा मगरले समान दुई/दुई गोल गरे। पूर्णिमा राई, बिर्सना चौधरी र सरिता नाथले समान एक एक गोल गरे।

खेलको १६औं मिनेटमा पूर्णिमाले हेडरमार्फत गोल गरिन्। त्यस्तै खेलको ३५औं मिनेटमा कुशुमले नेपालको अग्रता दोब्बर बनाइन्। खेलको ४२औं मिनेटमा सरिताले तेस्रो गोल गरिन्। खेलको ४५औं मिनेटमा कुसुमले व्यक्तिगत दोस्रो तथा नेपालका लागि चौथो गोल गरिन्।



मध्यान्तरपछि खेलको ६६औं मिनेटमा बिर्सिनाले पेनाल्टीमार्फत गोल गर्दै नेपाललाई ५-० गोलको अग्रता दिलाइन्। खेलको ७४औं मिनेटमा समीक्षाले गोल गरिन्। खेलको ७८औं मिनेटमा समीक्षाले नै व्यक्तिगत दोस्रो गोल गर्दै ७-० गोलअन्तरले विजयी दिलाइन्। नेपालले अब शनिबार भुटानसँग खेल्नेछ।

# सेपाकताक्रो टोली थाइल्यान्ड जाने

■ प्रभाव संवाददाता

**काठमाडौं –** आइएसटीएफ विश्व च्याम्पियनसिपको ३८ औं संस्करणमा सहभागी हुन ८ खेलाडीसहित १३ सदस्यीय नेपाली सेपाकताक्रो टोली शनिबार थाइल्यान्ड जाने भएको छ।

पुरुष खेलाडीमा रोशन तामाङ (कप्तान), पदमबहादुर ठाडा मगर, सुजन थिङ, राजन नेपाली, सनम पुर्जा पुन र मिजास लामा रहेका छन्। महिलामा सुमित्रा डंगोल र निरु थापा मगर छन्।

जुलाइ २२ देखि २८ तारिखसम्म हुने प्रतियोगितामा नेपालले रेगु, क्वाड्रेन्ट, मिक्स क्वाड्रेन्ट र हुपताक्रो स्पर्धामा प्रतिस्पर्धा गर्नेछ।

अफिसियल/व्यवस्थापकमा नेत्रप्रसाद गुरुङ, प्रशिक्षकमा अक्कलबहादुर तामाङ र टेकबहादुर



बुढा मगर, निर्णायकमा मेघराज तोलङगी र आईटीओमा नेसिर मास्के रहेका छन्।

टोलीलाई सफलताको शुभकामना दिँदै राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङले सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा बिहीबार एक कार्यक्रमबीच बिदाइ गरे।

**एएफसी महिला एसियन कप**

# साफबाट भारत र बंगलादेशमात्रै छनोट

■ प्रभाव संवाददाता

**काठमाडौं –** अस्ट्रेलियामा २०२६ मा आयोजना हुने एएफसी महिला एसियन कपमा दक्षिण एसियाली क्षेत्र (साफ)बाट भारत र बंगलादेश मात्रै छनोट भएका छन्।

विभिन्न राष्ट्रमा भएका छनोटमा यी दुई बाहेक नेपाल, भुटान, श्रीलंका पाकिस्तान र माल्दिभ्सले छनोटमा सहभागिता जनाएका जनाए पनि अन्य देश छनोट हुन सकेनन्।

तर, समूह ए मा रहेको भुटानको भने खेल बाँकी नै थियो। यो समूहको खेल जोर्डनमा भइरहेको छ। तर, फिफा वरीयतामा आफूभन्दा माथि रहेका सिंगापुरलाई ३-२ र लेबनानलाई २-१ ले पराजित गरेको भुटान त्यसपछिका दुई महत्वपूर्ण खेलमा पराजित भयो।

इरानसँग ७-१ र जोर्डनसँग ३-२ ले पराजित भएसँगै साफबाट भारत र बंगलादेशले मात्रै सहभागीता जनाउने पक्का भएको हो।

भारतले थाइल्यान्ड, टिमोर लिस्टे, इराक र मंगोलियालाई पराजित गऱ्यो। बंगलादेशले पनि समूह सी मा अपराजित रहँदै भारतसँगै अस्ट्रेलियाको टिकट सुनिश्चित गरेको हो।

समूह एफ मा नेपाल छनोटनजिक पुगेको थियो। तर, आयोजक उज्बेकिस्तानसँग समान ७ अंक भएपछि पेनाल्टी सुटआउटमा अभागी साबित रह्यो। नेपालले लाओसलाई ९-० र साफकै कमजोर टोली श्रीलंकालाई ८-० ले पराजित गरेको थियो। तर, उज्बेकिस्तानसँग ३-३ को पुनरागमन गरे पनि पेनाल्टी सुटआउटमा ४-२ ले पराजित हुन पुग्यो। योसँगै महिला एसियन कप खेल्ने ११ टोलीको टुंगो लागेको छ।



**दक्षिण कोरियामा बाढीको रेकर्ड ब्रेक** | दक्षिण कोरियाका चुङचेओङ प्रान्तका तीन क्षेत्रमा यस हप्ता आएको भारी वर्षाका कारण आएको बाढीले डुबानमा परेका गाउँ ।
*तस्वीरः रासस/एएफपी*

# भारी मनसुनी वर्षाका कारण एकै दिन ५४ जनाको मृत्यु



**रावलपिन्डी–** पाकिस्तानमा पछिल्लो २४ घण्टामा भारी मनसुनी वर्षाका कारण ५४ जनाको मृत्यु भएको सरकारको विपद् एजेन्सीले बिहीबार बताएको छ । यो सँगै जुनको अन्त्यमा मनसुनी वर्षाका कारण मृतकको संख्या एक सय ८० पुगेको छ ।

बुधबार बिहानदेखि पञ्जाब प्रान्तका केही भागमा मुसलधारे वर्षा हुँदा सहरी बाढी निम्त्याएको छ । राजधानी इस्लामाबादको छेउमा रहेको रावलपिन्डी सहर हुँदै बग्ने नदी नजिकै बस्ने बासिन्दाहरूलाई पानीको सतहमा तीव्र वृद्धि भएपछि खाली गर्न आदेश दिइएको छ ।

'पछिल्लो २४ घण्टामा पाकिस्तानभरि ५४ जनाको मृत्यु भएको छ र दुई सय २७ जना घाइते भएका छन्, अधिकांश मृत्यु पञ्जाबबाट भएको रिपोर्ट गरिएको छ', राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणका प्रवक्ताले एएफपीलाई भने ।

जुन २६ मा मनसुन सुरु भएदेखि ७० बालबालिकासहित करिब एक सय ८० जनाको मृत्यु भएको र करिब पाँच सय जना घाइते भएको प्रवक्ताले बताए । राष्ट्रिय मौसम विभागले शुक्रबारसम्म भारी वर्षा जारी रहने चेतावनी दिएपछि रावलपिन्डी सरकारले मानिसहरूलाई घरमै राख्न बिहीबार सार्वजनिक बिदा घोषणा गरेको छ । 'जोखिमपूर्ण क्षेत्रका बासिन्दाहरूले आपत्कालीन अवस्थामा तीनदेखि पाँच दिनसम्म खाना, पानी र आवश्यक औषधिहरू सहितको आपत्कालीन किटहरू तयार गर्नुपर्दछ', सरकारले भनेको छ । सन् २०२२ मा मनसुनी बाढीले देशको एक तिहाइ भाग डुबाएको थियो र एक हजार सात सय जनाको मृत्यु भएको थियो । *रासस/एएफपी*

# हसिनाका समर्थक र सेनाबीचको झडपमा ४ जनाको मृत्यु

**ढाका–** बंगलादेशी सुरक्षा बलहरूको बुधबार अपदस्थ प्रधानमन्त्री शेख हसिनाका समर्थकहरूसँग भएको झडपमा कम्तीमा चार जनाको मृत्यु भएको र धेरै घाइते भएको अस्पताल अधिकारी र स्थानीय मिडियाले जनाएका छन् ।

गत वर्ष अगस्टमा हसिना विरुद्धको विद्रोहको नेतृत्व गर्ने विद्यार्थीहरूले गठन गरेको नयाँ राजनीतिक पार्टीले हसिनाको पैतृक घर दक्षिणपश्चिमी गोपालगञ्ज जिल्ला र हसिनाको अवामी लिग पार्टीको गढतर्फ पदयात्रा गर्ने घोषणा गरेपछि बिहान हिंसा भड्किएको थियो ।

अधिकारीहरूले पछि जिल्लामा कर्फ्यू लगाएका थिए । एघार महिनाअघि हसिनाको निष्कासनपछि बंगलादेश अराजकता र अनियन्त्रित भिडको हिंसाले ग्रस्त भएको छ । मुलुकको अन्तरिम सरकार बिग्रँदै गएको सुरक्षा अवस्थालाई नियन्त्रणमा ल्याउन असफल भएसँगै बुधबारको आक्रमणले देशको विभाजनलाई उजागर गर्दछ ।

टेलिभिजन फुटेजले हसिना समर्थक कार्यकर्ताहरूले लाठीले प्रहरीमाथि आक्रमण गरेको र विद्रोहको सम्झनामा नेसनल सिटिजन पार्टीका नेताहरू बोकेका करिब २० वटा गाडीमा आगो लगाएको देखाएको छ ।

पार्टीका नेताहरूले स्थानीय प्रहरी प्रमुखको कार्यालयमा शरण लिएका छन् । फुटेजमा शीर्ष नेताहरूलाई सैनिकहरूले सुरक्षाका लागि बख्तरबन्द गाडीमा लगेको देखाइएको थियो । तिनीहरू पछि सुरक्षा एस्कर्टहरूसँग छिमेकी जिल्लाका लागि प्रस्थान गरेका थिए ।

सरकारी अस्पतालका वरिष्ठ अधिकारी जिबितेश विश्वासले कम्तीमा तीन जनाको शव भित्र ल्याइएको बताए । देशको प्रमुख अंग्रेजी भाषाको डेली स्टारले चार जनाको मृत्यु भएको जनाएको छ भने यो घटनामा संलग्न २५ जना पक्राउ परेका छन् ।

अन्तरिम सरकारले बुधबार विद्यार्थीहरूमाथि आक्रमण गर्नेहरू 'दण्डविहीन' नरहने बताएको छ र अन्तरिम नेता मुहम्मद युनुसको तर्फबाट जारी गरिएको विज्ञप्तिमा गोपालगञ्जमा भएको हिंसालाई 'पूर्ण रूपमा अक्षम्य' भनी वर्णन गरिएको छ ।



गत मे महिनामा अधिकारीहरूले प्रतिबन्ध लगाएको हसिनाको आवामी लिग पार्टीले सामाजिक सञ्जाल एक्समा धेरै वक्तव्यहरू जारी गरेर हिंसाको निन्दा गरेको छ र मृत्यु तथा घाइतेहरूका लागि अन्तरिम सरकारलाई दोष दिएको छ ।

एक आवामी वक्तव्यले भनेको छ, 'हामी विश्वलाई सुरक्षा संयन्त्रको यो स्पष्ट दुरूपयोगलाई ध्यानमा राख्न आग्रह गर्छौं ।' विद्यार्थी नेता नाहिद इस्लामले गोपालगञ्ज हिंसाका जिम्मेवारहरूलाई पक्राउ गर्न अधिकारीहरूलाई २४ घण्टाको अल्टिमेटम दिए । दक्षिणपन्थी जमात-ए-इस्लामी पार्टीले विद्यार्थी नेतृत्वको पार्टीमाथि भएको आक्रमणको निन्दा गरेको छ ।

### अशान्त राष्ट्र

झडपले राष्ट्रिय मेलमिलापको आशालाई कम गरेको भन्दै अन्तरिम सरकारका आलोचकहरूले बढ्दो ध्रुवीकरणको चेतावनी दिएका छन् । यद्यपि युनुसको प्रशासनले हसिना पछिको युगमा व्यवस्था ल्याउने वाचा गरेको छ । आलोचकहरूले अवस्था सुधार नभए लोकतन्त्रमा शान्तिपूर्ण सङ्क्रमण खतरामा पर्ने बताएका छन् ।

नोबेल शान्ति पुरस्कार विजेता युनुसले हसिना पदच्यूत भएर भारत भागेको तीन दिनपछि देशको जिम्मेवारी लिनुभएको थियो र व्यवस्था पुनःस्थापना गर्ने वाचा गरेका थिए । उनले आगामी वर्षको अप्रिलमा नयाँ चुनाव हुने वाचा गरेका थिए ।

हसिनाले अहिले मानवता विरुद्धको अपराधको आरोपको सामना गरिरहेकी छिन् भने सरकारले उनलाई भारतबाट सुपुर्दगी गर्न खोजिरहेको छ । भारतले बंगलादेशको अनुरोधलाई कुनै प्रतिक्रिया दिएको छैन ।

गोपालगञ्ज राजनीतिक रूपमा संवेदनशील जिल्ला हो । हसिना बुबाको समाधि त्यहाँ अवस्थित छ । देशको स्वतन्त्रता नेता शेख मुजीबुर रहमानलाई सन् १९७५ मा सैन्य कूमा उहाँको परिवारका अधिकांश सदस्यसँगै हत्या भएपछि त्यहाँ गाडिएको थियो ।

नेसनल सिटिजन पार्टीले बंगलादेशी राजनीतिमा आफूलाई नयाँ शक्तिका रूपमा स्थापित गर्ने अभियानको एक हिस्साका रूपमा सबै जिल्लामा हुने भन्दै महिनाको सुरुमा आफ्नो 'राष्ट्र पुनर्निर्माणका लागि जुलाई मार्च' सुरु गरेको थियो ।

बंगलादेशको राजनीतिक विगत मुख्यतया दुई वंशवादी पार्टीहरू - हसिनाको आवामी लिग र उहाँका प्रतिद्वन्द्वी एवं पूर्वप्रधानमन्त्री खालिदा जियाको नेतृत्वमा रहेको बंगलादेश राष्ट्रवादी पार्टी (बिएनपी) द्वारा हावी भएको छ । हसिनाको पार्टीको अनुपस्थितिमा सत्तामा आउने आशा राख्ने बिएनपी बुधबारको हिंसाको बारेमा धेरैजसो मौन रहेको छ । *रासस/एपी*

# अलास्कामा ७.३ म्याग्निच्युडको भूकम्प

**लस एन्जेलस–** बुधबार अमेरिकी राज्य अलास्काको तटमा ७.३ म्याग्निच्युडको भूकम्प गएको छ । भूकम्पले सुनामी चेतावनी जारी गरेको तर पछि फिर्ता लिइएको अमेरिकी भूगर्भीय सर्वेक्षण (युएसजिएस) ले बताएको छ ।

भूकम्प स्थानीय समय दिउँसो करिब १२:३७ बजे (२०:३७ जिएमटी) गएको थियो । यसको केन्द्रविन्दु स्यान्ड पोइन्ट टापुको सहरबाट करिब ५४ माइल (८७ किलोमिटर) दक्षिणमा अवस्थित थियो । भूकम्पको केन्द्रविन्दु १२.५ माइलको गहिराइमा रहेको थियो ।

अधिकारीहरूले भूकम्पपछि सुरुमा दक्षिण अलास्का र अलास्का प्रायद्वीपका लागि सुनामी चेतावनी जारी गरेका थिए तर पछि यसलाई सुनामी सल्लाहमा घटाए र त्यसपछि यसलाई पूर्ण रूपमा फिर्ता लिए ।

'दक्षिण अलास्का र अलास्का प्रायद्वीपका तटीय क्षेत्रहरूका लागि सुनामी सल्लाह रद्द गरिएको छ', भूकम्पको करिब दुई घण्टापछि जारी गरिएको सन्देशमा राष्ट्रिय सुनामी चेतावनी केन्द्र (एनटिडब्लुसी) ले भन्यो । युएसजिएसका अनुसार प्रारम्भिक भूकम्पपछि एक दर्जनभन्दा बढी परकम्पनहरूको समूह आएको थियो । तीमध्ये सबैभन्दा ठूलो ५.२ म्याग्निच्युड मापन गरिएको थियो ।

सुनामी चेतावनी र सल्लाह अलास्काको तटका क्षेत्रहरूका लागि मात्र जारी गरिएको र थप क्षेत्रहरू अप्रभावित रहेको एनटिडब्लुसीले जनाएको छ । स्यान्ड पोइन्टमा अधिकतम शून्य दशमलव दुई फिट (६.१ सेन्टिमिटर) उचाइको सुनामी अवलोकन गरिएको थियो ।

तैपनि, एनटिडब्लुसीले प्रभावित क्षेत्रका बासिन्दाहरूलाई खतराहरूप्रति सचेत रहन सल्लाह दिएको छ । 'स्थानीय आपत्कालीन अधिकारीहरूले सुरक्षित भएको सङ्केत नगरेसम्म खतरा क्षेत्रहरूमा पुनः बसोबास नगर्नुहोस्', एनटिडब्लुसीले भनेको छ ।

अलास्का भूकम्पीय रूपमा सक्रिय प्रशान्त रिङ अफ फायरको साथमा अवस्थित छ । सन् १९६४ मार्चमा ९.२ म्याग्निच्युडको भूकम्प गएको थियो । यो उत्तर अमेरिकामा रेकर्ड गरिएको अहिलेसम्मकै सबैभन्दा शक्तिशाली थियो ।

उक्त भूकम्पले सुनामी निम्त्याएको थियो र एन्कोरेज सहरलाई ध्वस्त पारेको थियो भने अलास्काको खाडी, अमेरिकाको पश्चिमी तट र हवाईमा प्रहार गरेको थियो । भूकम्प र सुनामीबाट धेरैको मृत्यु भएको थियो भने ४० करोड डलरभन्दा बढीको सम्पत्ति नोक्सान भएको थियो ।

सन् २०२३ जुलाईमा अलास्का प्रायद्वीपमा ७.२ म्याग्निच्युडको भूकम्प गएको थियो । भूकम्प पछि कुनै ठूलो क्षति भएको रिपोर्ट गरिएको थिएन । *रासस/एएफपीः*

# सपिङ मलमा आगलागी हुँदा ५० जनाको मृत्यु

**बगदाद–** पूर्वी इराकी सहर कुटको सपिङ मलमा रातभर लागेको आगलागीमा करिब ५० जनाको मृत्यु भएको र घाइते भएको सरकारी मिडियाले बिहीबार जनाएको छ । 'एउटा प्रमुख सपिङ सेन्टरमा भएको दुःखद आगलागीमा पीडित, शहीद र घाइतेको सङ्ख्या करिब ५० जना पुगेको छ', वासित प्रान्तका गभर्नर मोहम्मद अल-मियाहीले आधिकारिक आइएनए समाचार एजेन्सीलाई भने ।

आगलागी बुधबार राति सुरु भएको थियो । आगोले कथित रूपमा पहिलो तलाबाट सुरु भएर छिट्टै हाइपर मललाई घेरेको थियो । कारण तुरुन्तै थाहा हुन सकेको छैन । एम्बुलेन्सहरूले बिहान ४:०० बजेसम्म घाइतेहरूलाई अस्पतालमा लगिरहेका थिए । बगदादबाट करिब एक सय ६० किलोमिटर (एक सय माइल) दक्षिणपूर्वमा रहेको कुटको अस्पतालका वार्डहरू भरिएका थिए ।

एएफपीका एक संवाददाताले मल पाँच दिनअघि मात्र खोलिएको र अस्पतालमा जलेका शवहरू देखेको रिपोर्ट गरेको बताए । आगलागी अहिले नियन्त्रणमा आएको छ तर दमकलकर्मीहरूले बेपत्ता पीडितहरूलाई खोज्न जारी राखेका छन् ।

सामाजिक सञ्जालमा साझा गरिएका भिडियोहरूमा विचलित आफन्तहरू समाचारको प्रतीक्षामा रहेको देखाइएको छ । तीमध्ये केही एम्बुलेन्सहरू आइपुग्दा शोकमा डुबेका छन् । एक व्यक्ति भुइँमा बसेर छाती पिट्दै र 'हे मेरो बुबा, हे मेरो हृदय' भनेर रोएको देखिएको थियो । एम्बुलेन्सहरू आइपुग्दा जाँच गर्दै दर्जनौं मानिस अस्पताल अगाडि भेला भएका थिए र केही मानिस पीडामा भुइँमा बेहोस भएका थिए ।

तीमध्ये एक ५० वर्ष उमेरका चिकित्सक नासिर अल-कुरैशीले आगलागीमा परिवारका पाँच जना सदस्य गुमाएको बताए । 'हामीमाथि एउटा विपत्ति आएको छ', उनले भने, 'हामी केही खाना खान, रातिको खाना खान र घरमा बिजुली कटौतीबाट बच्न मलमा गएका थियौं । दोस्रो तलामा एयर कन्डिसनर विस्फोट भयो र त्यसपछि आगो लाग्यो र हामी यसबाट उम्कन सकेनौं ।'

गभर्नर मियाहीले तीन दिनको शोक घोषणा गर्नुभएको छ र स्थानीय अधिकारीहरूले मलको मालिक र भवन ठेकेदार विरुद्ध मुद्दा दायर गर्ने बताएका छन् । आगलागीको कारणबारे अनुसन्धान भइरहेको र प्रारम्भिक निष्कर्ष ४८ घण्टाभित्र आउने अपेक्षा गरिएको गभर्नरले बताए ।

'यो त्रासदी एउटा ठूलो आघात हो... र सबै सुरक्षा उपायहरूको गम्भीर समीक्षा आवश्यक छ', उनले भने । इराकको निर्माण क्षेत्रमा सुरक्षा मापदण्डहरू प्रायः बेवास्ता गरिन्छ र दशकौंको द्वन्द्वपछि पूर्वाधार बिग्रिएको यो देश प्रायः घातक आगलागी र दुर्घटनाहरूको दृश्य हुन्छ । तापक्रम ५० डिग्री सेल्सियस (१२२ डिग्री फारेनहाइट) पुग्ने गर्मीमा आगलागी बढ्छ ।

सन् २०२३ सेप्टेम्बरमा भीडभाड भएको इराकी विवाह हलमा आगलागी भएपछि बाहिर निस्कनका लागि आतंकित भागदौड हुँदा कम्तीमा एक सय जनाको मृत्यु भएको थियो । सन् २०२१ जुलाईमा दक्षिणी इराकको अस्पतालको कोभिड युनिटमा आगलागी हुँदा ६० जनाभन्दा बढीको मृत्यु भएको थियो । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी–विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९२३०० | प्रति तोला – ० | प्रति तोला – २२६५ |



रूकुम पश्चिमको सेरिगाउँ बजार | रुकुम पश्चिमको मुसिकोट नगरपालिका-५ मा अवस्थित सेरिगाउँ र आसपासको क्षेत्र। पछिल्लो समय यस क्षेत्रमा पनि आन्तरिक पर्यटकहरू आउने क्रम विस्तारै बढ्दै गएको छ। *तस्बिर बलबहादुर ओली/रासस*

# अन्नपूर्ण क्षेत्रमा पर्यटक आगमनमा वृद्धि

■ प्रभाव संवाददाता

**गण्डकी–** पदयात्राका लागि विश्वप्रसिद्ध अन्नपूर्ण क्षेत्रमा आर्थक वर्ष २०८०/८१ को तुलनामा गत आवमा पर्यटक आगमनमा २५ प्रतिशतले वृद्धि भएको छ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८०/८१ मा दुई लाख २२ हजार एक सय ८० विदेशी पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेकामा गत आव २०८१/८२ दुई लाख ७८ हजार एक सय १३ विदेशी पर्यटकले सो क्षेत्रको भ्रमण गरेका थिए। तीमध्ये दक्षिण एसियाली मुलुकका एक लाख ५७ हजार सात सय ८६ र अन्य देशका एक लाख २० हजार तीन सय २७ पर्यटक रहेका छन्।

एक वर्षको अन्तरमा ५५ हजार एक सय ३३ पर्यटक बढेको आयोजना प्रमुख डा रविन कडरियाले जानकारी दिनुभयो। गत आवमा सबैभन्दा बढी चैत महिनामा ४४ हजार नौ सय ७७ पर्यटक अन्नपूर्ण संरक्षण क्षेत्रमा भित्रिएका थिए। सबैभन्दा कम साउनमा जम्मा पाँच हजार सात सय १० पर्यटक उक्त आएका थिए।

यस्तै भदौमा १३ हजार दुई सय ७९, असोजमा ३० हजार सात सय ३२, कात्तिकमा ३३ हजार तीन सय १०, मङ्सिरमा १४ हजार ११, पुसमा १४ हजार ३३, माघमा नौ हजार ३४, फागुनमा १९ हजार चार सय ७०, वैशाखमा ४१ हजार आठ सय ५३, जेठमा ३१ हजार नौ सय ५५ र असारमा १९ हजार सात सय ४९ पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका प्रमुख डा कडरियाले बताए।

दुई मुख्य पर्यटकीय याम असोज-कात्तिक र चैत-वैशाखमा पदयात्राका लागि बढी पर्यटक यस क्षेत्रमा आउने गरेका छन्। सोही याममा धार्मिक भ्रमणमा आउने पर्यटकको सङ्ख्या उल्लेख्य रहने गरेको प्रमुख डा कडरियाले बताए। पर्यटक आगमन दरमा बर्सेनि वृद्धि भइहेको उहाँको भनाइ छ। आव २०७९/८० मा एक लाख ७२ हजार एक सय आठ पर्यटक यस क्षेत्रमा भित्रिएकामा पछिल्लो आवमा आइपुग्दा एक लाख बढी पर्यटक थपिएका हुन्।

कोभिड-१९ महामारीका बेला थलिएको यस क्षेत्रको पर्यटन पुनः पुरानै लयमा फर्किएको आयोजना प्रमुख डा रविन कडरियाले बताए। अन्नपूर्ण क्षेत्र पदयात्रा पर्यटनका लागि विश्वप्रसिद्ध गन्तव्य हो। वर्षात् र जाडोयाममा यस क्षेत्रमा आउने पदयात्री पर्यटकको सङ्ख्या न्यून हुने गरे पनि अन्य सययमा भने आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल हुने गरेको छ।

सडकमार्गबाट घुम्न र पदयात्रा गर्न आउने विदेशी पर्यटकको सङ्ख्या बर्सेनि वृद्धि भइरहेको छ। मुक्तिनाथलगायत गन्तव्यमा जाने अधिकांश भारतीय पर्यटकले सडक मार्ग प्रयोग गरेपनि अन्य मुलुकका पर्यटकले भने पदयात्रा रुचाउने गरेका छन्। कार्यालयले अन्नपूर्ण संरक्षण क्षेत्रमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको छ।

अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, कास्कीको मर्दी हिमाल, सिक्लेस, ल्वाङ, घान्द्रुक गाउँ, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानी, पुनहिललगायतका गन्तव्यस्थलमा बर्सेनि लाखौं आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन्।

सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडा पर्छन्। अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सम्भयता, संस्कृति आदि कारणले आन्तरिक तथा बाह्यक पर्यटकको रोजाइमा पर्ने गरेको छ।

हिमश्रृंखलासहितका आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, हावापानी, स्थानीयवासीको आतिथ्यता र सेवासुविधाका हिसाबले अन्नपूर्ण चक्रीय पदमार्ग घुमफिरका लागि विश्वकै उत्कृष्ट गन्तव्यका रूपमा चिनिएको छ। कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायतका मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दुरीको पदयात्रा गर्न सकिन्छ।

# श्रमिकको न्यूनतम पारिश्रमिकबारे सहमति

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल सरकार, रोजगारदाता र श्रमिक सङ्गठनबीच श्रमिकको न्यूनतम पारिश्रमिक रु १९ हजार ५५० बनाउने विषयमा सहमति भएको छ। शुक्रबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा भएको त्रिपक्षीय बैठकमा उक्त सहमति भएको मन्त्रालयले जनाएको छ।

श्रम ऐन, २०७४ को दफा १०७ मा प्रत्येक दुई वर्षमा श्रमिकको न्यूनतम पारिश्रमिक निर्धारण गर्नुपर्ने व्यवस्था छ। यसअघि श्रमिक न्यूनतम पारिश्रमिक रु १७ हजार ३०० थियो। साउन १ गतेदेखि लागू हुने गरी भएको सहमतिअनुसार मासिक आधारभूत पारिश्रमिक रु १२ हजार १७० र महङ्गी भत्ता रु सात हजार ३८० हुनेछ। मन्त्रालयका अनुसार श्रमिकले दैनिक आधारभूत पारिश्रमिक रु ४७० र महङ्गी भत्ता रु २८४ प्राप्त गर्नेछन् भने प्रतिघण्टा आधारभूत पारिश्रमिकरु ६३ र महङ्गी भत्ता रु ३८ हुनेछ। आंशिक समयमा मात्र काम गर्ने कामदारको हकमा प्रतिघण्टा न्यूनतम पारिश्रमिक रु १०७ हुने सहमति भएको छ। उक्त सहमति चिया बगानबाहेकमा श्रमिकको हकमा लागू हुने मन्त्रालयको भनाइ छ।

सहमतिपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरत्सिंह भण्डारीले सबै पक्षलाई धन्यवाद दिए। 'श्रमिकको न्यूनतम पारिश्रमिक तोकेर मात्रै हुँदैन, त्यसको प्रभावकारी कार्यान्वयनमा सबै पक्ष गम्भीर र जिम्मेवार ढङ्गले लाग्नुपर्छ।'

न्यूनतम पारिश्रमिक निर्धारण समितिका संयोजक तथा श्रम मन्त्रालयका सहसचिव प्रदीप कोइरालाले लामो समयदेखिको परामर्श, समन्वय र गहिरो छलफलपछि सहमति जुटेको बताए। नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले सहमतिको स्वागत गरे। उनले भने, 'दिगो श्रम सम्बन्ध कायम राख्न न्यूनतम पारिश्रमिकमा सहमति आवश्यक थियो, पारदर्शी छलफल र सबै पक्षको लचकताको माध्यमबाट प्राप्त सहमति हामी सबैका लागि स्वीकार्य र सन्तुलित छ।'

संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियूसिसि)का प्रतिनिधि जनक चौधरीले उक्त सहमति श्रमिक वर्गको जित भएको बताए। उनले भने, 'पहिलोपटक हाम्रो आवाज समेटिँदै न्यूनतम पारिश्रमिकमा सहमति जुटेको छ, अब यसको कार्यान्वयन सुनिश्चित गर्न सशक्त निगरानी गरिनेछ।'

छलफलमा मन्त्रालयका तर्फबाट संयोजक सहसचिव प्रदीप कोइराला, रोजगारदाता पक्षबाट उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्र ढकाल, वरिष्ठ उपाध्यक्ष ज्योत्सना श्रेष्ठ, नेपाल चेम्बर अफ कमर्शका दीपक श्रेष्ठ, तथा श्रमिक सङ्गठनका तर्फबाट जनक चौधरी सहभागी थिए। सरकार, रोजगारदाता र श्रमिक सङ्गठनबीचको समन्वय र सहकार्यबाट सम्भव भएको यो सहमति नेपाली श्रम क्षेत्रलाई थप न्यायपूर्ण, मर्यादित र व्यवस्थित बनाउने दिशामा एक ऐतिहासिक उपलब्धि भएको बताइएको छ।

# नेपाल वायु सेवा निगमले असार मसान्तसम्म तिर्‍यो ५३ करोड ऋण

**काठमाडौं (प्रस)–** नेपाल वायु सेवा निगमले २०८२ असार मसान्तसम्मको जहाजको ऋण भुक्तानी गरेको छ। निगमले बिहीबार एक प्रेस विज्ञप्ति जारी गर्दै दुई न्यारोबडी जहाजको २०८२ असार मसान्तसम्मको किस्ताबापत पूरा र दुई वाईडबडी जहाजको आंशिक गरी असार मसान्तसम्मको ५३ करोड ९ लाख ५५ हजार २८१ रूपैयाँ ऋण भुक्तानी गरिएको जानकारी दिएको हो।

निगमले अन्तर्राष्ट्रिय उडानका लागि खरिद गरिएका दुई न्यारोबडी र दुई वाइडबडी जहाजको लागि कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट लिएको ऋण दायित्व मध्ये दुई न्यारोबड जहाजको २०८२ असार मसान्तसम्मको किस्ताबापत पुरा र दुई वाईडबडी जहाजको आंशिक गरी मिति २०८२ असार ३२ गते जम्मा रु.५३०,९५५, २८१ (त्रिपन्न करोड नौ लाख पचपन्न हजार दुई सय एकासी मात्र) रकम भुक्तानी गरेको छ,नेपाल वायु सेवा निगमद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

निगमले जहाज खरिद सम्बन्धी ऋण दायित्व शीर्षकअन्तर्गत २०८२ असार मसान्तसम्मको अवधिमा कुल७ अर्ब ९२ करोड १४ लाख ६३ हजार ३७६ रूपैयाँ किस्ता रकम भुक्तानी गरिसकेको जनाएको छ।

# आइएमई पे र खल्तीको एकीकृत सेवा सञ्चालनमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** आइएमई पे र खल्ती वालेट मर्ज भई बिहीबारदेखि 'खल्ती बाइ आइएमई' नाममा एकीकृत कारोबार सुरु भएको छ। यसरी एउटै एपमा समेटिएपछि साविकका १ करोड २७ लाख सेवाग्राही कारोबारमा जोडिएका छन्। यो मर्जरसँगै बनेको नयाँ कम्पनी 'आइएमई खल्ती लिमिटेड'को चुक्ता पुँजी ५४ करोड रूपैयाँभन्दा बढी पुगेको छ। सेवाग्राही र पुँजीले 'खल्ती बाइ आइएमई'लाई देशकै सबैभन्दा ठूलो डिजिटल वालेट बनाएको छ। यस मर्जरले नेपाली डिजिटल अर्थतन्त्रमा नयाँ आयाम थप्ने छ।

यी दुई वालेट मर्जरमा जानुअघि झन्डै एक दशकयता विभिन्न डिजिटल भुक्तानी सेवा प्रदान गर्दै आएका थिए।

ब्याज दिने एकमात्र वालेट को रूपमा चिनिएको आइएमई पे रेमिटेन्स, इनड्राइभ भुक्तानीजस्ता सेवामा लोकप्रिय थियो भने खल्ती मुभी बुकिङ, इभेन्ट टिकटिङ र आफ्ना इनोभेटिभ फिचरहरूका कारण




युवापुस्तामा रुचाइएको थियो। अब यी दुवै वालेट मर्ज भएर आ-आफ्ना उत्कृष्ट सेवाहरूलाई अझ परिष्कृत, सहज, सरल र सुरक्षित रूपमा प्रदान गर्नेछन्।

साबिक आइएमई पे प्रयोगकर्ताहरूका लागि 'खल्ती बाइ आइएमई'मा माइग्रेट हुने सुविधा उपलब्ध छ। यस प्रक्रिया मार्फत आइएमई पे वालेटमा रहेको रकम, ब्याज, रिवार्ड प्वाइन्ट तथा सम्पूर्ण विवरणहरू नयाँ एपमा स्थानान्तरण हुनेछन्। खल्ती प्रयोगकर्ताहरूले चाहिँ आफ्नो एप अपडेट गरी नयाँ अनुभव लिन सक्ने छन्।

आइएमई पे–आइएमई ग्रुप अन्तर्गत सञ्चालन हुँदै आएको थियो। अर्कोतर्फ, चारजना सह-संस्थापकद्वारा स्थापना गरिएको खल्तीमा पछि वल्डलिंक, त्रिवेणी ग्रुप जस्ता कर्पोरेट लगानीकर्ताहरू आबद्ध भएका थिए। आइएमई डिजिटल सोलुसन्सका अध्यक्ष कृष्ण प्रसाद शर्माले आइएमई पे र खल्तीबीचको मर्जरबाट बनेको आइएमई खल्ती लिमिटेडले डिजिटल नेपालको सम्भावनालाई नयाँ उचाइमा पुऱ्याउने विश्वास व्यक्त गरेका छन्।

खल्तीका अध्यक्ष मनोज कुमार अग्रवालले नेपाली डिजिटल वित्तीय क्षेत्रको दीर्घकालीन समृद्धिका लागि यो मर्जर ऐतिहासिक कदम भएको र आइएमई खल्ती लिमिटेड ले देशभर वित्तीय पहुँचको नयाँ युग सुरु गर्ने बताएका छन्।

आइएमई खल्ती लिमिटेडका प्रमुख कार्यकारी अधिकृत विनय खड्काले डिजिटल पहुँच विस्तार, डिजिटल साक्षरता तथा समावेशीकरणका लागि थप योजनाहरू रहेको जानकारी दिए। दुवै कम्पनीले विशेष कार्यक्रम आयोजना गरि मर्जरको औपचारिक घोषणा समेत गर्नेछन्।

आइएमई पेले डिजिटल सर्भिस आईसिटी अवार्ड, एचआरएम अवार्ड फर कर्पोरेट एक्सिलेन्स इन द फिनटेक, भिसा लिडरसिप कन्क्लेभ नेपाल, एक्सिलेन्स इन फिनटेक पार्टनरसिप अवार्ड प्राप्त गरेको थियो।

# शेयर बजारमा उछाल

## नेप्से ७५ अंकले बढ्दा, १६ अर्बभन्दा बढीको कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ७५ दशमलव ८४ अङ्कले बढेर दुई हजार ८७० दशमलव ६३ विन्दुमा कायम भएको छ। आर्थिक वर्ष २०८२/८३ को पहिलो दिन बिहीबार नेप्से परिसूचक दुई दशमलव ७१ प्रतिशतले बढेको हो। तीन सय ११ कम्पनीको तीन करोड ८६ लाख ३४ हजार ३५० कित्ता शेयर एक लाख ४१ हजार ४३४ पटक खरिदबिक्री हुँदा रु १६ अर्ब ५९ करोड २१ लाख पाँच हजार ४५५ दशमलव १७ को कारोबार भएको छ। दुई सय ४० कम्पनीको शेयर मूल्य बढ्दा नौ कम्पनीको घटेको छभने कारोबार रकम पनि बढेको छ।




कारोबार भएका सबै समूहगत परिसूचक बढेका छन्। सबैभन्दा बढी 'अन्य' समूह पाँच दशमलव शून्य नौ प्रतिशतले बढेको छ। लगानी समूह तीन दशमलव १७ प्रतिशत, जीवन बिमा तीन दशमलव १४ प्रतिशत, हाइड्रोपावर तीन दशमलव शून्य चार प्रतिशतले वृद्धि भएको छ।

बैंकिङ एक दशमलव ७६, विकास बैंक एक दशमलव ९५, फाइनान्स दुई दशमलव ८०, होटल तथा पर्यटन दुई दशमलव ६०, उत्पादन तथा प्रशोधन दुई दशमलव ९४, माइक्रोफाइनान्स दुई दशमलव ५०, निर्जीवन बिमा दुई दशमलव १८ र व्यापार एक दशमलव ७६ प्रतिशतले बढेका छन्। ट्रेड टावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने एनआबिएल स्टेबल फण्डको शेयर शुल्य सबैभन्दा बढी सात दशमलव ५८ प्रतिशतले घटेको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ